# धर्मकीर्ति

धर्मकीर्ति
The Dharmakirti



बर्मा (म्यानमार)को रंगुन स्थित कबाए क्षेत्रमा सन् १७ मे १९५४ मा आयोजित छैठौं संगायना सम्पन्न भएको पवित्र स्थान

वर्षः ४३, अङ्कः १०
बु.सं. २५६९, सि पुन्हिः







श्रद्धेय धम्मवती गुरुमांया ९२ बुदिंया उपलक्ष्ये न्ह्यानाच्वंगु स्थलगत पट्ठान पाठ ज्याभ्वःया सिलसिलाय्
२०८२ पौष १९ गते धर्मकीर्ति विहारय् श्रद्धेय धम्मवती गुरुमां प्रमुख सकल उपासक उपासिकापिंपाखें पाठ




धर्मकीर्ति बौद्ध परियत्ति शिक्षा कमिटीबाट विद्यार्थीहरूलाई मणिचुड दह शैक्षिक भ्रमण

*प्रकाशक र विशेष सल्लाहकार*

**भिक्षुणी धम्मवती**

फोन: ५३५९४६६

*सम्पादक*

**भिक्षुणी वीर्यवती**

**फोन: ९८४१५३४१०९**

*सम्पादन सहयोगी*

**भिक्षुणी शुभवती**

**फोन: ९८४१३२९००५**

*व्यवस्थापकहरु*

**ध्रुवरत्न स्थापित**

फोन: ९८४१२६३३५५

**इन्द्रमान महर्जन**

फोन: ९८४१४३४५७२

*कार्यालय*

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

**धर्मकीर्ति विहार**

श्रीघ: नघ:टोल

पोष्ट बक्स नं. ४९९२, काठमाडौं

फोन: ५३५९४६६

email: gurumawiryawati@gmail.com

subhawati26@gmail.com

बुद्ध सम्बत् २५६९

नेपाल सम्बत् ११४६

इस्वी सम्बत् २०२६

बिक्रम सम्बत् २०८२

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. २०००/- वा सो भन्दा बढी | |
| वार्षिक | रु. १००/- | |
| यस अङ्कको | रु. १०/- | |


# धर्मकीर्ति


(बौद्ध मासिक)

# THE DHARMAKIRTI

## A Buddhist Monthly

**1st FEB 2026**


| वर्ष- ४३ | अङ्क- १० | सि पुन्हि | माघ २०८२ |
|---|---|---|---|


★ **यो चे वस्ससतं जीवे – दुप्पञ्ञो असमाहितो**
**एकाहं जीवितं सेय्यो – पञ्ञवन्तस्सझायिनो ।**

★ **प्रज्ञा हीनम्ह जुयाः, ध्यानचित्त मदुम्ह जुयाः सलंसः दँ तक म्वानाच्वनेगु स्वयाः प्रज्ञावान्, ध्यानी जुयाः छन्हु जक म्वानाच्वनेगु श्रेष्ठ ।**

★ **बुद्धिहीन, असमाहित पुरुषको सय वर्षको जीवन भन्दा ध्यानी र प्रज्ञावान्को एकदिनको जीवन वेस छ ।**

★ A single day of wisdom and meditation of worth more than a hundred years spent in foolishness and dissipation.

## विषय-सूचि


| क्र.सं. | शिर्षक | | पृष्ठ |
|---|---|---|---|
| १) | बुद्ध वचन | – | १ |
| २) | आवरण चित्र परिचय - छैठौं संगायना | – | २ |
| ३) | सम्पादकीय-सुखमय जीवनको लागि आवश्यक गुणहरू | – | ३ |
| ४) | मृत्यु मंगल छ | – सत्यनारायण गोयन्का | ४ |
| ५) | जि जिगुया आशक्ति | – नाति महर्जन | ८ |
| ६) | श्यामावती | – अनु. भिक्षुणी वीर्यवती | ९ |
| ७) | महाबुद्ध | – रमिला शाक्य | १२ |
| ८) | In Pursuit ! | – | १६ |
| ९) | चतुआर्य सत्य (भजन) | – प्रदिप शाक्य 'घोषक' | १७ |
| १०) | निमोनिया ज्वरया लक्षण व उपचार | – | १९ |
| ११) | जिउँदो देवता हुन् आमा बुबा | – विद्याकुमारी बज्राचार्य | २३ |


*आवरण चित्र परिचय*

# छैठौं संगायना

✍ **आचार्य सत्यनारायण गोयन्का**
भावानुवाद - **वीर्यवती**

छैठौं संगायना तत्कालिन बर्मी सरकारका प्रधानमन्त्री "ऊ नु" को संरक्षणमा १७ मे, सन् १९५४ मा रंगूनको गबाय क्षेत्रमा आयोजना गरियो । त्यहाँ प्रथम संगायना सम्पन्न गरिएको महापाषाण गुफा जस्तै एक विशाल कृत्रिम सभा कक्ष बनाइयो ।

सन् १९५४ मा भगवान् बुद्ध महापरिनिर्वाण हुनु भएको २५०० वर्ष पूरा भइसकेको थियो । यो वर्ष प्रथम बुद्धशासनको अन्तिम वर्ष थियो । त्यसैले यस संगायनामा २५०० जना प्रबुद्ध भिक्षुहरूले भाग लिनुभएका थिए । यस छैठौं संगायनामा बर्माका श्रद्धेय भिक्षुहरूका साथसाथै श्रीलंका, थाईलैण्ड, कम्बोडिया, भारत, लाओस्, नेपाल र भियतनाम सहित अनेक देशहरूबाट प्रबुद्ध भिक्षुहरूले भाग लिनुभएका थिए । भारत बाहेक अन्य सबै देशका भिक्षुहरूले आ-आफ्ना देशका लिपिमा उल्लेखित त्रिपिटक लिएर आउनुभएका थिए । यस संगायनामा भदन्त महासी सयादोबाट धर्म सम्वन्धी प्रश्न सोध्नु भएको थियो भने भदन्त विचित्तसाराभिवंसले विद्वतापूर्ण र सन्तोषजनक उत्तर दिनुभएको थियो ।

बर्मी राजाहरूको समयमा संघमा सुत्तधर, विनयधर, अभिधम्मधर र त्रिपिटकधर भिक्षुहरू हुनुहन्थ्यो । तर अंग्रेजहरूको राज्यमा दुर्भाग्यवस यस प्रथा बन्द हुनपुग्यो । अब बर्मा स्वतन्त्र भएपछि भदन्त विचित्तसाराभिवंस पहिलो त्रिपिटकधर हुनुभई पूज्य हुनुभयो ।

सम्पूर्ण त्रिपिटक र सम्वन्धित साहित्य देश विदेशका विद्वान् भिक्षुहरूद्वारा अति सूक्ष रूपमा पढियो । कहिं गलति (भूल) देखिएमा त्यसलाई सुधारियो । तैपनि भूल वा गलतीहरू त धेरै कम भेटिए । छैठौं संगायनाद्वारा स्वीकृत भएका सम्पूर्ण साहित्य सबै बुद्धअनुयायी देशहरूबाट स्वीकृत भए । यो संगायना दुईवर्षसम्म सञ्चालन भयो । मे १९५६ मा छैठौं संगायना सम्पन्न भयो । १९५४ - ५५ प्रथम अढाई हजार वर्षको बुद्धशासनको अन्तिम वर्ष थियो र १९५५-५६ द्वितीय अढाई हजार वर्षको बुद्धशासनको प्रथमवर्ष थियो ।

यस संगायनाको पश्चात् द्वितीय बुद्धशासन आरम्भ भएपछि पूज्य भदन्त लेडी सयादोद्वारा प्रशिक्षित प्रथम गृहस्थ धर्माचार्य सयातैजीद्वारा प्रशिक्षित परम पूज्य ऊ बा खिन विश्विविश्रुत विपश्यनाचार्य हुनुभयो । उहाँले केवल बर्मीहरूको लागि मात्र नभई विदेशी गृहस्थहरूको लागि पनि विपश्यना सिकाउनुभयो । यस विपश्यना विद्यालाई भारतले सदियौं पहिला गुमाइसकेको थियो । एक मान्यता अनुसार अब यो विद्या भारत भित्रियो र दश वर्षसम्म यहाँ जग बसाली विश्वभर फैलिंदै गयो ।

यस संयायनाबाट मुद्रणकला पूर्णतया विकसित

*( क्रमशः पेज १५ मा हेर्नुहोला )*

## ▪ सम्पादकीय ▪

# सुखमय जीवनको लागि आवश्यक गुणहरू

हाम्रो जीवन सुखमय बनाउनका लागि पहिला हाम्रो बानी व्यवहार असल गुणले सम्पन्न हुन अत्यावश्यक छ । भगवान् बुद्धले मंगल सूत्रमा देशना गर्नुभए अनुसार जीवनमा मंगल गर्नको लागि "**बाहुसच्चञ्च सिप्पञ्च एतं मंगलमुत्तमं**" अत्यावश्यक छ । अर्को शब्दमा भन्ने हो भने बहुश्रुत बनी विद्वान् बन्नुका साथै शील्प विद्याले पनि पारंगत हुनु अत्यावश्यक छ ।

शील्पविद्या पारंगत हुने गुण त हाम्रो जीवनको लागि मंगलकार्य नै भयो । किनभने यी गुण सहितका व्यक्तिमा आय आर्जन देखि लिएर जीवनमा भौतिक रूपमा आइपर्ने समस्याहरूलाई समाधान गर्ने क्षमता पनि हुने गर्छ । त्यसैले भगवावन् बुद्धले **सिप्पञ्च एतं मंगलमुत्तमं** भन्नुभएको । यसको साथै **बाहुसच्चंचले** पढे लेखेर वाद-विवाद एवं तर्क वितर्क गर्न जान्ने मात्र भन्न खोजिएको होइन । विद्वान बन्नका लागि सर्वप्रथम आफूमा रहेका घमण्डीपना त्याग्न आवश्यक हुन्छ किनभने घमण्डी स्वभावले हाम्रो जीवन पतन हुनेछ । यस्तो स्वभावका विद्वान्लाई मानिसहरूले विस्तारै विश्वास गर्न छाड्नेछन् । नरम स्वभाव सहितका इमान्दार व्यक्तिलाई मात्र धेरैजसो मानिसहरूले मनपराउने हुनाले यस्ता व्यक्तिसंग मात्र मानिसहरूले मेलमिलाप बढाई घुलमिल हुने गर्छन् । यसरी जुन व्यक्ति कर्त्तव्यपरायण इमान्दार हुन्छ, त्यस व्यक्तिको जीवन धर्ममय बन्नेछ । बुद्ध शिक्षा अनुसार कर्त्तव्य पालन नै धर्मपालन हुनेछ । जसले धर्मपालन गर्छ, उसलाई धर्मले रक्षा गर्नेछ । धर्मले रक्षा गराउन पाउने व्यक्तिको जीवन मात्र सुखमय हुनेछ । त्यसैले भगवान् बुद्धले समय समयमा सर्वसाधारण मानिसहरूलाई समेत उनीहरूको कर्त्तव्य विषयमा जानकारी दिनुहुँदै शिक्षा दिइरहनु हुन्थ्यो ।

यही सिलसिलामा बुद्धकालिन प्रसिद्ध उपासिका विशाखालाई उनका बुबाले उनको विवाह पूर्व कर्त्तव्यपरायण बुहारी बनी आफ्नो जीवन सुखमय बनाउन उनीले पालन गर्नुपर्ने कर्त्तव्यहरू बताएका थिए । यस कर्त्तव्यका नियमहरू आजको जनमानसले पनि पालन गर्न सके सुखमय परिवारको उदय हुने देखिन्छ । एक नारीमा (विवाहित) परिवार सुखमय बनाउने शक्ति समाहित रहेको हुन्छ । पहिला नारी शिक्षित बनाउन आवश्यक देखिन्छ । एक शिक्षित इमान्दार आमाले १० वटा घर शिक्षित बनाउन सक्छिन् । त्यसैले नेपोलियनले भनेका थिए– "मलाई एउटा असल आमा देऊ, मैले असल राष्ट्र दिनेछु ।"

त्यसैले बुद्धकालीन समयमा विशाखा उपासिकालाई उनका बुबाले दिनुभएको बुद्ध शिक्षा विषयमा एकपटक अध्ययन गरौं –

(१) आफ्ना पतिदेवको घरायसी कुराहरूलाई लिएर आफ्नो माइती वा अन्य स्थानहरूमा भन्दै नहिँड्नु ।

(२) आफ्नो माइतीका घरायसी कुराहरू पतिदेवको घरमा भन्दै नहिँड्नु । यस नियम पालन नगर्ने चञ्चलतापूर्ण अशिक्षित महिलाले घरको शान्तपूर्ण वातावरणलाई जलाएर अशान्त पारिदिनेछ । झैझगडाको स्थिति सृजना गरिदिनेछ । त्यसैले भगवान् बुद्धले कुरा बढी गर्न रुचाउने यताको कुरा उता र उताको कुरा यता भन्दै हिँड्ने बानीलाई डरलाग्दो आगोको रूपमा लिइएको छ ।

(३) इमान्दार एवं विश्वासिलो व्यक्तिसँग मात्र कारोवार गर्नु ।


(४) विश्वासघाती एवं बेइमानी व्यक्तिसंग कारोवार नगर्नु ।

(५) दुःखी, गरीब, असहाय व्यक्तिलाई आफूले सक्दो दान दिई सहयोग गर्नु ।

(६) आफू कहीं कतै बस्नु अगाडि आफूभन्दा जेष्ठ व्यक्ति (आफूले आदर गर्नुपर्ने व्यक्ति) आफू बस्न लागेको आसन भन्दा तल नपर्ने गरी होश पुऱ्याएर मात्र बस्ने ।

(७) आफ्ना परिवारका सबै सदस्यहरूलाई हेरविचार पुऱ्याई खाना खुवाइसकेपछि मात्र आफूले खाना खाने । कर्त्तव्यपरायण शिक्षित नारीको कर्त्तव्य हो यो ।

*( क्रमशः पेज १५ मा हेर्नुहोला )*



# मृत्यु मंगल छ

✍ सत्यनारायण गोयन्का

विपश्यी साधकको लागि मृत्यु मंगल छ । अमंगल छैन । भय बिहीन छ, भयावह छैन । स्वीकार गर्न योग्य छ, तिरस्कार गर्नु पर्दैन । जब समय पाक्दै जान्छ र आयु संस्कार छिपिंदै जान्छ तब शरीर च्युति हुनु स्वभाविक नै हो । प्रकृतिको यो नियम टालेर टालिन्न । परिपक्व साधकले यस अटूट नियमलाई मुस्कुराउँदै स्वीकार गर्दछ । मनमा अलिकति पनि भय हुँदैन, अलिकति पनि शोक हुँदैन, अलिकति पनि डर हुँदैन । मृत्युको समय पीडा भए पनि चित्त विचलित हुँदैन । जसरी अधिष्ठानमा बसेको साधकलाई जतिसुकै शारीरिक दुःखद् सम्वेदना भए पनि थोरै पनि विचलित नभई सामना गर्दछ त्यसरी नै मृत्युको समयमा पीडा भए पनि विचलित नभई सामना गर्दछ । सजग सचेत रहन्छ । अनित्य बोध प्रतिको सजगता भईरहन्छ । चित्तको यस्तो अवस्थामा च्यूति भयो भने शरीर छुटे पछि अर्को क्षण, अर्को जन्मको प्रथम चित्त साँच्चै सद्गतिको क्षेत्रमा नै हुन्छ । दुर्गतिमा हुँदै हुँदैन ।

जो साधकले विपश्यनाको अभ्यास थाले देखि बाँकी जीवन पर्यन्त विपश्यनाको अभ्यास छोडेको छैन भने ऊ सर्द्धम मार्गमा जोडिएको नै हुन्छ । "**ओप्पनेयिको**" अर्थात् एक-एक पाईला गर्दै अघि बढ्दै जानेछ । मृत्युले उसको प्रगतिलाई रोक्न सक्दैन । मृत्युको कारणले चित्तधारामा धर्मचेतनालाई रोक्दैन । प्रगती नै भईरहेको हुन्छ । श्रद्धावान साधकको लागि धर्म-साधनाको ओप्पनेयिको स्वभाव मृत्युको समयमा सहायक बनेर आउँछ । उच्च स्तरको भविष्य बन्दछ । सद्गति सुनिश्चित बन्दछ ।

त्यसैले असली साधकलाई मृत्युदेखि भय हुँदैन । यस्तो साधकले न जीवन देखि घृणा गर्दछ न मृत्युको कामना नै गर्दछ, न जीवन प्रति आसक्त भएर मृत्यु देखि डराउँछ । मृत्यु हुनु उन्नति नै हो भनेर पूर्णतया विश्वस्त रहन्छ । त्यसैले मृत्यु प्रसन्नताको विषय हो, शोक गर्ने विषय होईन, विलाप गर्ने विषय होईन । विपश्यी साधक जीवनयापन गर्ने कला सिक्दछ । जीवन जिउने कलामा नै मंगल मृत्युको कला बसेको छ । फेरि पनि मरणासन्न अवस्थामा पुगेका विपश्यी साधकलाई अन्य साधकहरूले सहयोग गर्नुपर्ने हुन्छ । त्यहाँ वरिपरिको वातावरण धर्म चेतनाले भरिएको बनाउने काम गर्नुपर्दछ । यदि त्यस्तो अवस्थामा कोही अस्थिर चित्त भएको दुर्बल मन भएको कारण आँसु बगाएर रूने गर्न थाल्यो भने उसलाई त्यहाँबाट हटाउनु पर्दछ किनभने यस्तो अवस्थामा त्यस मरणासन्न ब्यक्तिको महत्वपूर्ण च्यूति - चित्त दूषित हुने कारण बन्दछ । मृत्यु हुन लागेको ब्यक्ति साधनामा त्यति नपाकेको हो भने घर परिवारका ब्यक्तिले गरेको शोक-विलाप देखेर ऊ आफू पनि शोकग्रस्त हुन्छ र आफ्नो परलोक बिगार्दछ । त्यसैले त्यस मृत्युवरण गर्न लागेको ब्यक्तिको वरपर बसेर विपश्यना गर्नुपर्दछ । अनित्यता धर्म तरङ्गको उत्पन्न गर्ने वा रोगी प्रति मंगल मैत्री गर्ने । त्यस समय सारा वातावरण धर्म चेतनाको विद्युत तरङ्गले ब्याप्त गर्नुपर्दछ ।

मृत्यु पछि पनि रूनु हुन्न, विलाप गर्नु हुन्न । यसको सट्टा मृतक ब्यक्तिले सद्गति प्राप्त गऱ्यो भन्ने सोचेर मन प्रसन्न हुनुपर्छ । उसको प्रति मंगल मैत्री तरङ्गित गरी रहनुपर्छ । उसको प्रति पुण्य - वितरण गर्दै गर्नुपर्छ । यसबाट मृत ब्यक्ति जहाँ कहीँ जन्म लिएको हो, उसको चित्त धारा धर्म चेतनासंग स्पर्श भईरहन्छ र यसको परिणाम स्वरूप उसको चित्त प्रशान्त, प्रसन्न, प्रफुल्ल भईरहन्छ । शोक र विलाप गर्नाले आफ्नो चित्तको दुःख जन्य तरङ्गहरू प्रिय मृतक ब्यक्तिसम्म पुग्दछ र शोकले ब्याप्त भईरहन्छ, उसलाई दुःख ब्याप्त गरेर सुख शान्ति भङ्ग गर्दछ । न आफूले शोक गर्ने हो न अरूको शोकको कारण बन्ने हो । आफू पनि प्रसन्न हुने र अरूको प्रसन्नताको कारण पनि बन्ने । मंगल मृत्युको यही नियम हो ।

## पूज्य बुबाश्री श्री गोपीराम गोयन्काजीको मंगल - मृत्यु

*(यो लेख पूज्य गुरुजीद्वारा बर्मामा रहनु भएका दाजु बाबुलाल गोयन्कालाई आफ्नो बुबाको मृत्युको पछि लेखिएको चिट्ठी हो । बम्बईमा आफ्नो बुबाको दुर्घटना भएको समाचार पाएपछि गुरुजीले रक्सौलमा सञ्चालित शिविरको समापन एघारौं दिन बिहानको सट्टा दशौं दिनको साँझ नै गर्नुभएको थियो ताकि भोलि बिहान सबेरै हवाई जहाजबाट बम्बई प्रस्थान गर्न पावस् । तर यो यात्रा अत्यन्त भयावह र कष्टपूर्ण रह्यो । र यता बुबाको मृत्युको सामना गर्नु पऱ्यो । भारतमा भएको पहिलो शिविर १३ जुलाई १९६९ मा पूज्य गुरुजीको आमा-बुबा बस्नु भएको थियो । यसबाट उहाँहरू धेरै लाभान्वित हुनु भएको थियो । उहाँहरूको जीवन-मरणको झलकले यी कुरा स्पष्ट हुन्छ ।) - सं.*

बम्बई, २३ सेप्टेम्बर, १९७२

प्रिय दाजु सादर वन्दना !

रक्सौलमा सप्टेम्बर १-१२ को शिविर चलिरहेको थियो, घरबाट दुःखद् समाचार आयो कि बुबाश्री लडेर खुट्टाको हाड भाँचिएछ, अब अपरेशन गराउनु पर्नेछ । शारीरिक कमजोरीको कारण तुरुन्त अपरेशन गर्नु पनि सम्भव थिएन त्यसैले घरको सल्लाह अनुसार शिविर पूरा गरेर मात्र फर्किने भयो । यस्तो अवस्थामा पनि शिविर शान्ति पूर्वक सम्पन्न भयो । बुबाश्रीको यस्तो खबर सुन्ने बित्तिकै मैले एउटा सङ्कल्प गरेको थिएँ कि यस शिविरको सारा पूण्य उहाँलाई प्राप्त होस् ।

शिविरको पाँचौ दिनमा यस्तो खबर आएको थियो, साधकहरू खूब मेहनत गरिरहेका थिए, उनीहरूले धेरै लाभ उठाए, मलाई पनि धेरै लाभ भयो । मनमा एक प्रकारको दृढता थियो कि बुबाश्रीलाई त्यस्तो केही नराम्रो हुने छैन, म फर्केर भेट्न पाउनेछु । शिविरको समयमा जब-जब उहाँको सम्झना हुन्थ्यो तब उहाँको खुट्टाको पीडा याद हुन्थ्यो । किनभने केही महिना अघि मात्र उहाँको करंगको हाडको समस्या भएको थियो, त्यसको असह्य पीडा सहनु परेको थियो । म, मेरी आमा तथा परिवारका अन्य सदस्यहरू साथमा बसेर साधना गर्दथ्यौं, उहाँ खाटमा पल्टिरहनु हुन्थ्यो । लामो समयसम्म मैत्री भावका तरंग तरंगित हुँदै रहन्थ्यो । घण्टाभर ध्यान गरेपछि कहिले उहाँ आनन्द पूर्वक निदाउनु हुन्थ्यो, कहिले प्रसन्न भएर भन्नुहुन्थ्यो मेरो दुखाई कम भयो । मैत्री तरंगलाई देश र समयको सीमाले छेक्न सक्दैन । त्यसैले यस पटक पनि उहाँ प्रति मैत्री भाव गरिरहें । यही कारणले होला शिविरको धम्महल यसै तरंगबाट तरंगित भईरह्यो ।

शिविर समापनपछि साँझ ६:३० बजे रक्सौलबाट मुजफ्फरपुर तर्फ लागें । त्यसको भोलिपल्ट बिहानै पटनाको लागि उड्नु थियो त्यहाँबाट फेरि दिल्लीको प्लेन टिकट थियो । तर पटना समयमा नपुगेको कारण दिल्लीको प्लेन छुट्यो । अब इलाहाबादबाट लखनऊ हुँदै दिल्लीको प्लेन भ्याउन सकिन्थ्यो । तर चक्रवाती तूफानको कारण लखनऊमा प्लेन समयमा उत्रिन सकेन । र फेरि प्लेन इलाहावाद नै फर्कियो त्यहाँ पनि चक्रवातले घेरिसकेको थियो, दुर्भाग्य त्यहाँ पनि प्लेन उत्रीन अनुमति पाएन । फेरि फर्कियो । यसरी विमानका यात्रीहरू तथा चालकहरूको होश-हवास उडेको अवस्था थियो । ४-५ घण्टाको दौडधूप पछि बल्ल साँझ ६ बजे बनारस एयरपोर्टमा विमान उत्रियो । सबैले सन्तोषको स्वास फेरे । रात त्यहीं बिताउनु पऱ्यो ।

मैले घरमा सम्पर्क गर्न पाएको थिएन, चक्रवातको कारण सम्पूर्ण सञ्चार साधन प्रभावित थियो । हवाई अड्डा सबै प्रभावित थिए । बल्ल १ दिनपछि बिहान मौसममा सुधार आयो र जबरजस्ती त्यहाँबाट दिल्ली तर्फ उड्यो तर फेरि मौसमले साथ दिएन विमान दिल्लीमा अवतरण हुन सकेन एक घण्टा आकाशमा दौडधूप गरेपछि विमान आगरामा गएर अवतरण गर्नुपऱ्यो । सबै यात्रु भयभित, विमान चालकहरू नर्वस, टेन्शनले ग्रसित थिए ।

मलाई नि छिटो भन्दा छिटो बम्बई पुग्नु थियो । दिल्लीबाट नै बम्बई उड्ने मिलाई सकेको थिएँ । घरको अवस्था बुझ्न मैले आफ्नो म्यानेजरसंग कुरा गरें, उहाँ मार्फत थाहा भयो कि बुबाश्री १३ सेप्टेम्बर (१९७२) को बिहानै दिवंगत हुनु भएको रहेछ । त्यसै समय मेरो यस घना चक्रावातमा फसेर वेहाल भएको अवस्थामा थियो । उनका अनुसार १४ तारिकका बिहान ११ बजे अन्तिम संस्कार गर्ने निश्चित भईसकेको थियो । यस सूचनाले ठूलो चोट लाग्यो १५-२० मिनटसम्म मर्माहत भएँ । तर केही समयमा नै शरीरमा धर्म चेतना जाग्यो दिउँसो ४ बजेतिर आगराको आकाश खुल्यो । कलकत्ता देखि बम्बई जाने एउटा बोईंग विमान आगरामा अवतरण

गरेको थियो। त्यसमा मैले ठाउँ पाएँ र बम्बई तिर उडें। यस्तो घना तूफान पछि आकाश एकदम रमणीय, स्वच्छ देखिएको थियो। यस मनमोहक दृश्य र भित्रको धर्म चेतनाले मन प्रफुल्लित र रोमांचित थियो। पितृ शोकको मानसिक उदासी हटिईसकेको थियो। सकुशल बुम्बई एयरपोर्ट अवतरण भयो। यहाँ पुगेपछि घर पुगुञ्जेल साथी श्याम बिहारीले घटना बारे सबै वृतान्त सुनाए। घर पुगेपछि आमा, दाइ-भाइ र पत्नी इलायची देवीको मुखबाट घटनाको विवरण सुन्न पाएँ। सुनेर मन विचलित हुनुको बदलामा रोमांचित भयो र धर्म संवेग जाग्यो। भोलिपल्ट सबैजना श्मशान भूमिमा गएर काजक्रिया सक्कायौं। यसप्रकार उहाँको पार्थिव शरीरको अस्थि अवशेषलाई वन्दना गर्नु मात्र बाँकी रह्यो। अन्तिम दर्शनबाट वञ्चित रहें र अन्तिम दिनमा संगै रहेर प्रत्यक्ष सेवा गर्ने अवसर पाएन।

अब दिन भरी मान्छेहरू भेट्न आईरहे। जो कोही पनि बुबाश्री संगको अनुभवहरू सुनाउनु हुन्थ्यो। बिहान साँझ हामी सबैसंगै आमा तथा ठूलो दाजुसंग एकसाथ साधना गर्दथ्यौं। धम्मवाणीको पाठ हुन्थ्यो। बुबा दिनहुँ बिहान समुद्र तटमा घुम्न जानु हुन्थ्यो। यसरी दिनहुँ घुम्न साथ जानेहरूको एउटा समूह थियो। यो समूहमा बच्चा, बूढा सबै सामेल थिए। यस समूहका सबै सदस्यहरूले ब्यक्त गरे कि उहाँ सँधै प्रसन्न रहनुहुन्थ्यो र सबैजनालाई खुसी बनाउँथे। जहाँ उहाँको उपस्थिति हुन्थ्यो त्यहाँ बेखुसी रहन पाउँथेन। उहाँ सबैलाई बराबर ब्यवहार गर्नुहुन्थ्यो। बच्चालाई बच्चा जस्तै, किशोरलाई किशोर जस्तै र प्रौढलाई प्रौढ जस्तै, बूढोलाई बूढो जस्तै।

कोही भन्दै हुनुहुन्थ्यो कि दुर्घटना हुनुको २-४ दिन अघि नै भनेको थियो कि "अब धेरै दिन बाँच्ने छैन। समय नजिक आईसक्यो।" त्यो बेलासम्म त अस्वस्थ भएकै थिएन। न त्यस्तो कुनै घटना नै भएको थियो कि उनलाई मृत्युको सम्झना गराउने। तर त्यो उहाँको अचेतन चित्तमा उठेको मृत्युको आभास थियो।

जब शिविर गरेर बम्बई फर्कन्थें वा नयाँ यात्राको लागि जान्थें तब आमा उदास भएर भन्नुहुन्थ्यो कि यति लामो यात्रामा जान्छौ बुबालाई केही भो भने ? तब बुबा भन्नुहुन्थ्यो म हिँडडुल गर्न सकुञ्जेल मलाई केही नि हुन्न, मलाई केही हुन्न। जब म खाटमा लड्छु तब म उठ्न पाउँदिन तब कहिले उठ्न सक्दैन। साँच्चै यी दुबै भविष्यवाणी सत्य भयो। साँच्चै मैले उहाँको अन्तिम सेवा गर्न पाएन, ठूलो दाई तथा सारा परिवारले उहाँको सेवा गरे, उहाँ यसबाट सन्तोष हुनुभयो। उहाँको एउटा गुनासो थियो कि उहाँ एकजनाको लागि यति धेरै डाक्टरहरूको किन आवश्यक भयो ?

उहाँ डाक्टरहरूसंग ठट्टा गर्नुहुन्थ्यो। एकपटक मुख्य डाक्टरले सोध्नुभयो "के तिम्रो खुट्टा दुखेको छ ?" उहाँले "छैन ! मलाई दुखेको छैन" भन्ने उत्तर दिए। डाक्टरले ठट्टा गर्दै भने "त्यसो हो भने यहाँ अस्पतालमा किन बस्नु भयो ?" तब बुबाले हाँस्दै जवाफ दिनुभयो "मलाई यहाँ अस्पतालमा रहन मनपर्छ त्यसैले।" तब सबैजना गललल हाँसे। डाक्टर फर्केपछि भने उसले पनि ठट्टा गऱ्यो मैले नि त्यस्तै जवाफ दिएँ।

कहिले खुट्टाको पीडा सहन नसकेर "ऐया" भनेर कराउनु हुन्थ्यो। तब नर्स कुदेर पुगी हाल्थी, संगै बसेको कुरुवाले मलीन पूर्वक कता दुख्यो भनेर सोध्यो भने हाँसेर, कहाँ दुखेको छ र, छैन भनेर टाल्नु हुन्थ्यो। मानौं केही भएकै छैन। बिस्तरमा सुत्दा-सुत्दा अल्छी लाग्यो भने बाहिर डुल्न जाने इच्छा ब्यक्त गर्दथ्यो। आफ्नो खुट्टा भाँचेको भुल्थे, त्यस्तो भयंकर पीडा सजिलै भुल्न सक्ने भएको थियो। यो सबै उहाँको जीवन भरको अभ्यासको कारणले हुनसक्छ। यस्तो गहन पीडालाई पनि महत्व नदिई सजिलै लिन सक्नु, ठूलो भन्दा ठूलो दुःखलाई पनि सजिलै लिनु उनको स्वभाव बनेको थियो।

एकदिन कसैले सोधेछ– बुबा तपाईंको उपचार कस्तो भईरहेको छ ? ब्यंग गर्दै उत्तर दिए – "यहाँ डाक्टरको केही कमी छैन।" उहाँलाई त्यति धेरै डाक्टरहरू जमघट भएर उपचार गरेको मनपर्दैनथ्यो। त्यसैले बेलाबेला भन्नुहुन्थ्यो कि मेरो उपचारको लागि यति धेरै डाक्टर किन चाहियो ? ठट्टै ठट्टामा भन्नुहुन्थ्यो एकजना आएको छ ग्लूकोज पानी चढाछ, अर्को आउँछ प्रेशर नाप्छ, कोही ज्वोरो नाप्छ, कोही कफ निकाल्छ र पटक-पटक सियोले घोच्छ। यी सबै क्रियाकलाप उनलाई पटक्कै मन पर्दैनथ्यो। घरीघरी आएर जाँच गर्दा बिरामी एकछिन पनि शान्तिले बस्न पाउँदैनथे। जीवनको अन्तिम समय शान्ति पूर्वक बिताउन चाहन्थे। तर घरपरिवारलाई यो उनको अन्तिम समय भनेर के थाहा ? त्यसैले

परिवारको तर्फबाट र डाक्टरको तर्फबाट सक्दो प्रयास भईरह्यो । उहाँ अरू थप चिकित्सा चाहँदैनथे, परिवारका सदस्य भने उनलाई फकाई-फकाई उपचार गर्दै रहे । एकदिन त उनले श्यामबिहारीलाई बोलाएर कापीमा नोट गर्न संगै बसाए । सबै छक्क थिए बुबाको अन्तिम ईच्छा कोर्न लगाउनु भयो भन्ने सोचे । लेख्नु– "आज बिहान ६ बजे डाक्टर आयो उसले सूई दियो, फेरि अर्को आयो प्रेसर जाँच्यो, फेरि अर्को आयो ग्लूकोज चढायो फेरि अर्को आयो उसले सातवटा सूई दियो ।" हाँस्दै लौ यसरी उनीहरू मेरो उपचार गरिरहेको छ । आफ्नो दुःखलाई ब्यंग गर्दै यसरी ब्यक्त गरे । यो उनको अन्तिम दिनको ब्यंग पूर्ण ठट्टा थियो । जीवन भरको यो स्वभाव अन्तिम समयसम्म नै कायम भईरह्यो ।

उहाँको सचेतना र जागरुकता अति प्रबल थियो । उहाँले सातवटा सूई लगाएको उल्लेख गर्दा, होईन बुबा सात सूई लगाएको छैन भने तर डाक्टरको जानकारीमा सही नै थियो कि सातवटा सूई लगाएकै हो । उहाँ जागरुक रहनु हुन्थ्यो । मृत्युको एकदिन अघि भने अलि कम चेतना, अलि अर्धचेतन अवस्था आएको हो । पहिला उनको ताश खेल्ने बानी थियो । त्यसैले यस्तो अवस्थामा पनि ती ताशका कुराहरू अर्धचेतन अवस्थामा पनि बक्न थाले । त्यसैले दाईलाई चिन्ता भएछ यस्तो अवस्थामा चित्त ताशमा लाग्यो भने सद्गति कसरी प्राप्त हुन्छ ? तर दाईको यो चिन्ता छिट्टै हट्यो । भोलीपल्ट एकदम होश आयो सबैजना आश्चर्य अनि प्रसन्न थिए ।

सारा इन्द्रियहरू सजग हुन थाले, जागरुक हुन थाले । टाढा उभिएका परिवारजनहरू पनि सबैचिने, टाढाका शब्द पनि स्पष्ट सुनिन थाले । सबैजना आश्चर्य थिए । शरीरमा छुने बित्तिकै तुरुन्त प्रतिक्रिया हुने । यसरी सारा शरीरको सम्वेदना तीब्र थियो । त्यस्तै बुद्धि र मन पनि सजग भयो र अन्तिम समयसम्म यो कायम भईरह्यो ।

अन्तिम समयमा उनका आँखा कोठाको चारैतर्फ घुम्यो । स्पष्ट थाहा हुन्थ्यो कि उहाँ त्यहाँ उपस्थित अरूलाई हेरिरहेको थिएन, आफ्नो दिब्य गति - निमित्तलाई हेरेको थियो, यसै अवस्थामा अन्तिम स्वास लियो । कसैलाई विश्वास नै थिएन । न लामो स्वास आयो, न घाँटीमा गाह्रो भो, न स्वास लिन गाह्रो । मानौं सुतेको मान्छे शान्त प्रसन्न चित्तले चीर-निन्द्रामा सुतेको छ । मुहारमा मृत्युको कुनै चिन्ह नै थिएन । दिउँसो १:४५ बजे अन्तिम स्वास लिएको भोलीपल्ट जब बिहान ९ बजे अत्येष्टिको तयारी गरियो । त्यति बेलासम्म मुख मण्डलमा शान्तिको आभा थियो, शरीर लचिलो, मृत्त ब्यक्तिको कुनै चिन्ह नै थिएन ।

जेठो दाइले शवयात्रा मुख नढाकि गर्ने निर्णय गरेको रहेछ, परम्परालाई तोडेर दिब्य मुहारलाई नढाकि शब यात्रा गरियो, राम्रै भयो । परिचित अपरिचित सबैले सन्त पुरुषको जीवनमा मात्र होईन मृत्यु पछि पनि प्रेरणा प्राप्त गर्न पाए । दाइले भन्दै हुनुहुन्थ्यो मृत्युको तुरुन्त बाद नै अस्पतालको कोठा नै दिब्य धर्मधातुको तरंगले भरिएको महसूस भयो । उहाँको शरीर घर ल्याईसकेपछि पनि जहाँ राखिएको थियो त्यहाँ पनि धर्मको वातावरण रहिरह्यो, रात भर सबै जना उनको वरिपरि बसेर साधना गर्दै रहे, धर्मपाठ गर्दैरहे ।

यस्तो हुनु पनि स्वाभाविक नै थियो । जुन दिब्य गति उहाँले प्राप्त गर्नुभयो त्यसको धर्म तरंग सारा वातावरणमा फैलिनु स्वाभाविक नै थियो । सद्गतिको मुख्य कारण उनले संचित गरेको कुशल संस्कार नै थियो । जुन आफ्नो स्वभावले उत्पन्न भयो । र त्यसलाई कायम गरिराख्न धर्मले, ठूलो दाइले, सम्पूर्ण धर्ममय परिवारले सहयोग गरे । त्यसैले अन्तिम समयमा यस्तो हुनु स्वाभाविक नै थियो ।

उहाँले जीवनभर अनासक्त हुने प्रयास गर्नुभयो । धेरै जन्म अघिदेख अनाशक्त हुने प्रयास गरेको होला । उहाँले जीवन भर कसैको प्रति पनि आसक्ति हुनु नै दिएन । आफ्नो कर्तब्य निभाउनु भयो तर चिप्केर बसेन । कोही बिरामी भयो भने राम्रो तरिकाले उपचार गरिन्थ्यो तर रूने-धुने भने बिल्कुलै हुँदैनथ्यो । कोही ब्यक्तिको मृत्यु भयो भने पनि उसको लागि रूने-विलाप गर्ने सिकेकै थिएन । उहाँमा अनासक्तिको भाव अद्भूत थियो । त्यसैले त आफ्नो मृत्यु हुने थाहा पाएर पनि कसैको प्रति राग प्रकट गर्नुभएन । मेरा दाइले भन्नुभयो "तिम्रो प्रति उहाँको स्नेह धेरै छ त्यसैले त्यहाँको काम सकाएर छिटो फर्क भन्नुभयो तर अन्तिम समयमा तिमीलाई सम्झेन ।" पहिला म शिविरबाट फर्कें भने भेटेर खुब प्रसन्न रहनु हुन्थ्यो । शिविरमा भएका सबै वृतान्त सोध्नु हुन्थ्यो । उहाँ भारतमा भएको पहिलो शिविरमा बस्नु भएको

थियो । त्यसपछि बम्बईमा सञ्चालित अनेक शिविरमा शिविर समापनको अवसरमा अवश्य सम्मिलित हुन्थे र शिविरार्थीहरूको आँखामा श्रद्धा, प्यार र कृतज्ञतालाई देखेर आत्म विभोर हुन्थे । मसंग यस्तो गहिरो स्नेह थियो र पनि मृत्युको अन्तिम समयमा मलाई सम्झनु भएन ।

मृत्युको समय कसैको पनि सम्झनाले उहाँलाई सताएन । कसैलाई पनि सम्झेन भन्नाको अर्थ कसैप्रति पनि माया थिएन भनेको होइन । माया त उहाँमा भरपूर हुन्थ्यो । अन्तिम दिनमा परिवारका एक-एक जनालाई बोलाएर आफूसंगै बसाए र टाउकोमा हात फैलाएर आशीर्वाद दिए । तर पनि यो उहाँको आसक्ति विहीन स्नेह थियो । उहाँ निर्मम-निर्मोही हुनुहुन्थ्यो तर ममतासक्त र मोहासक्त पनि थिएन ।

शास्त्रमा पढेर एक कठोर, बौद्धिक स्तरमा मात्र अल्झेर अनासक्तिको ब्याख्या गर्ने ब्यक्तिमात्र अनासक्त हुँदैन । जो साँच्चैको अनासक्त हुन्छ उनका लागि ती सैद्धान्तिक विवेचनाको केही अर्थ हुँदैन । त्यस्तै वास्तविक अनासक्त हुनुहुन्थ्यो मेरो बुबाश्री । यस्तो ब्यक्तिको शरीर च्यूति प्रति क्रन्दन र विलाप गर्नु कुनै जरुरी थिएन । हाम्रो ठूलो सौभाग्य कि हामी यस्तो सन्त पुरुषको सन्तान हुन पायौं । हाम्रो ठूलो सौभाग्य हुनेछ कि उनका अनेक गुण सम्वर्धन गर्न सकौं र तिनलाई ब्यावहारिक जीवनमा उतार्न सकूँ ।


हजूरको भाई
सत्यनारायण गोयन्का

## बुबाको धैर्य र करुणा

जुनदिन दुर्घटना घटेको थियो, त्यो दिन सँधै झैं समुन्द्रको किनारमा विहार गरेपछि भूलेश्वर मन्दिरमा गएर भिखारीहरूलाई फल आदि दान गर्नु भयो । त्यसै समय फूटपाथमा गैरकानूनी फल आदि बेच्नेहरूलाई उठाउन सिपाहीहरू आए र सबै हतारमा पसल उठाउन लागे । यसैबेला बाटोमा आएको घोडागाडीले बुबालाई ठोके र उहाँ तल ढले पछि खुट्टा भाँचियो । गाडीमा बसेर घर फर्के, केही बेर पछि साह्रै दुख्न थाल्यो । पछि परिवारका सदस्यले अस्पताल लगेर जाँच गराईयो तब थाहा भयो कि खुट्टाको हाड भाँचिएको रहेछ । अस्पतालमा ४ दिनसम्म रहनु पऱ्यो । यस्तो दुर्घटना पछि पनि उनको मनमा धैर्य र सहनशीलता अनुपम थियो । अस्पतालमा रहँदा घटनाको बारेमा जाँचबिन भयो । तर उहाँको मनमा ती गाडीवाल ब्यक्तिको प्रति करुणा थियो । मलाई यो जुन घटना भयो त्यसमा त्यस ब्यक्तिको केही दोष छैन, त्यसैले उसलाई पुलिसहरू कुनै कानूनी कष्ट नदिनु । उसको केही दोष छैन, मेरो दुर्बलताको कारण लडेको हुँ ।

*साभार- 'विपश्यना' बु.व. २५६९, २०८२ पुष, वर्ष:४२, अङ्क ९*

## जि जिगुया आसक्ति



✍ नाती महर्जन

जि जिगु धकाः नाले तसकं अःपु
राग, द्वेष, मोह फ्यने मफुतले न्ह्याबलें ल्वापु
समाजया थ्व बल्लाःगु धिसिलाःगु स्वापु

जि जिगु बानी त्वःते तसकं थाकु
ल्वापुया गथि फ्यनेनं तसकं थाकु
सीम्ह छेली ग्वातुकाः अंशया खँल्हाय्
धाःसा मजू थाकु ।

## धर्मकीर्ति विहारमा बुद्ध पूजा र धर्मदेशना

| क्र. सं. | बि.सं. २०८२ | बुद्धपूजा गर्नुहुने प्रव्रजित गुरुमांहरू | धर्मदेशना गर्नुहुने श्रद्धेय गुरुमांहरू |
|---|---|---|---|
| १ | पौष १३ गते आइतबार, अष्टमी | वीर्यवती | वीर्यवती |
| २ | पौष १९ गते शनिबार, मिला पुन्हि | खेमावती | धम्मवती |
| ३ | पौष २७ गते आइतबार, अष्टमी | मेत्तावती | मेत्तावती |
| ४ | माघ १ गते बिहिबार, संक्रान्ति | पञ्ञावती | पञ्ञावती |
| ५ | माघ ४ गते आइतबार, औंशी | खेमावती | खेमावती |

# श्यामावती

*अनुवादिका-* **भिक्षुणी वीर्यवती**

श्यामावती, भद्रावती नगरकी एक सेंठकी अति सुन्दर पुत्रीरत्न थिइन् । आमा-बुबाकी एक्ली छोरी भएकीले उनको लालनपालन अति प्रेम एवं सुखपूर्वक भएको थियो । स्वभावैले शान्त एवं सरल श्यामावती आफ्ना माता-पितालाई अत्यन्त आदरपूर्वक सेवा गरी खुशी रहन्थिइन् । सेंठले उनीलाई शिक्षा-दिक्षाको उचित प्रबन्ध मिलाइ दिएको थियो । अनि उनीले छोटो समय मै आफ्नो तीब्र बुद्धिद्वारा थुप्रै ज्ञान प्राप्त गर्न सफल भइन् ।

अचानक प्लेग रोगको महामारीले गर्दा कतिपय भद्रावती नगरवासीहरू मरे त कतिपय नगर छोडेर गए । नगरमा जताततै हाहाकार थियो । जता हेर्‍यो त्यतै लाश देखिन्थ्यो । श्याल, गिद्ध, चीलहरूको आवाज र नगरवासीको कोलाहलबाट लाग्दथ्यो, नगरमा मृत्युको छाँया नै मंडारिरहेको जस्तो । श्यामावतीको परिवारका प्रायजसो सबै प्लेगको शिकार भइसकेका हुनाले सेंठले आफ्नी अति मनपर्ने छोरी र पत्नीलाई साथमा लिई कौशाम्बिमा गए । त्यहाँ सेंठको एउटा साथी थियो । तर ती दुई मित्रहरू एक अर्कासंग पहिले कहिल्यै पनि भेटघाट गरेका थिएन । केवल पत्रद्वारा मित्रता गाँसिएको थियो । कौशाम्बि पुगेपछि ती तीनजना असहाय प्राणीहरूले नगर बाहिरको एउटा सत्तलमा शरण लिए ।

पारिवारिक शोकमा ब्याकुल श्रेष्ठी दम्पत्तिले त्यस्तो दीनहीन अवस्थामा आफ्नो साथीको घरमा जानु उचित सम्झेन । धेरै दिन बितेपछि उनीहरूको स्मृति पनि धमिलिदैं गए । धेरै दिन भोकभोकै बस्नु परेको कारणले उनीहरू झन्झन् दुब्लाउँदै गए । कमजोर भए । त्यसैले एकदिन उनीहरूले आफ्नी प्यारी पुत्रीलाई भने– “छोरी, अब हामीसंग केहीपनि बाँकी छैन । त्यसैले भिक्षा मागेर नै खानुपर्ला जस्तो छ । तर भिक्षा माग्न जाने सामर्थ्य पनि छैन ।” श्यामावतीको गहभरी आँशु भयो । तैपनि उनले साहस बटुलेर धैर्यतापूर्वक भन्न थालिन्– “तपाईकी श्यामाले भिक्षा मागेर ल्याउनेछिन् ।”

कौशाम्बि नगरमा घोषक नाम गरेको एकजना सेंठले दिनहुँ निर्धन तथा मगन्तेहरूलाई भोजन दान दिने गर्थ्यो । उ आफै दान-शालामा गई सेवकहरूले गरेको कामकाजको रेखदेख गर्ने गर्थ्यो । सेवकहरूले भोजन बितरण कार्य राम्ररी गरेको छ कि छैन भनी हेरबिचार पुर्‍याईरहन्थ्यो । मगन्तेहरूको समूहमा त्यो दिन भद्रावतीकी निर्धन असहाय श्रेष्ठीकन्या श्यामावती पनि भिक्षापात्र लिई उभिरहिन् । तीन जनाको लागि भिक्षा मागेर उनी सत्तलमा फर्किन् । अनि तीनै जनाले आ-आफ्नो क्षुधा शान्त पारे । तर धेरै दिन देखि भोकाएर अशक्त भईसकेका श्यामावतीकी बुबाले त्यस भोजनलाई पचाउन सकेन । त्यहि कारणबाट उ आफ्नी पत्नी र छोरीलाई छोडेर दिवंगत हुन पुग्यो । श्यामाकी माताले यस्तो ह्र्दयबिदारक पीडा सहन नसकेर बहुलाई जस्तै भइन् । दोश्रो दिन श्यामाले बाँकि एकमात्र जीवनको आधार आफ्नी आमाको निम्ति भिक्षा मागेर ल्याइन् । उनकी आमा पनि भोजन पचाउन नसकी अशक्त भइन् र दिवंगत भइन् । तेश्रो दिन श्यामाले एउटा मात्र पात्र लिएर रूँदै भिक्षा माग्न गइन् । त्यो देखेर सेंठले सोच्न थाल्यो– “यिनले पहिला झूठ बोलेर धेरै भोजन मागेर लानेगरेकी रहिछन् । तर आज एउटा मात्र पात्र लिएर आएकी छिन् ?” अनि सोधेछन्, “किन ? धेरै खान सकेनौ ?”

जबरजस्ती थामीराखेको श्यामाको बिरहब्यथाको बाँध फुट्यो । उनी रूँदै आफ्नो दुर्भाग्यको कथा बताउन थालिन् । श्रेष्ठी घोषक त उनको बुबाको भेटघाट बिनाको साथी रहेछन् । यो कुरा श्रेष्ठी घोषकले थाहा पाए । आफ्नो मित्रको दुःखद मृत्युले उनलाई ठूलो चोट पुर्‍यायो । उनको मनमा अनाथ श्यामा उपर करूणा जाग्यो । अनि घोषकले श्यामालाई आफ्नो घरमा लगी आफ्नी जेठी छोरीको रूपमा पालनपोषण गर्‍यो । फेरि दानशालाको सम्पूर्ण कार्यभार उनीलाई नै सुम्पिदियो । श्यामाको हातबाट सहानुभूतिपूर्वक सहर्ष दान लिएर याचकहरूको मन प्रफुल्लित हुन्थ्यो । अनि याचकहरूले उनलाई साक्षात् अन्नपूर्ण मानेर शान्तिपूर्वक दान लिने गर्थे । व्रत बसेर दान दिने गरेकी हुनाले श्यामालाई श्रेष्ठी घोषकले आदरपूर्वक श्यामावती भनी बोलाउने गर्थ्यो ।

एकदिन घोषकको घरमा उसको एक मित्र

आयो । उसले श्यामाको कार्यकुशलता, विनयशीलता र सात्विकसौन्दर्यता देखेर श्यामावती प्रति उनको मनमा ममताको भावना जाग्यो । उनले घोषक संग श्यामाको बिषयमा सोधे । सम्पूर्ण दशा सुनिसकेपछि उनले स्नेहपूर्वक श्यामाको शीरमा हात राखेर भने– "आजदेखि म तिमीलाई आफ्नो जेठी छोरीको रूपमा राख्नेछु । फेरि पाँचसय नारी परिवारहरू पनि राखिदिनेछु ।"

यमुना स्नानको महोत्सव थियो । उक्त उत्सवमा सम्मिलित हुन सम्पूर्ण नारीहरू पैदल नै हिंडेर स्नान गर्न जाने चलन थियो । नगरका बैभवशाली नारीहरू पनि पैदल नै हिँडेर गइरहेका थिए । आफ्ना पाँचसय जना सखी तथा दासीहरूसंग श्यामावती पनि राजभवनको अघिल्तिरबाट हिंडिरहेकी थिइन् । त्यही बेला कौशाम्बि नरेश उदयनले आफ्नो राजदरवारको झ्यालबाट ताराहरूको बीचमा चम्किरहेको चन्द्रमा जस्तै पाँचसय जना सखीहरूको बीचमा आइरहेकी श्यामालाई देखे । राजाले बिचार गऱ्यो– "यदि श्यामालाई दरवारमा भित्र्याउन पाए ठूलो सौभाग्य हुने थियो ।" उनले सोधे– "यी नृत्य कलाकारहरू को होला ?" यसबारे सोधपुछ गरेर खबर ल्याए कि तिनीहरू नृत्य कलाकारहरू नभई श्रेष्ठी घोषककी जेठी पुत्री श्यामावती र उनकी सखीहरू हुन् भनेर ।

श्यामाको रहरलाग्दो रूप देखेर मुग्ध भएका राजाले श्रेष्ठीसंग श्यामाको हात माग्न पठाए । तर त्यस प्रस्तावलाई श्रेष्ठीले अस्वीकार गरे । त्यसबाट अप्रसन्न भएका राजा उदयनले श्रेष्ठीको प्रासादमा फौजले घेरा हाल्न लगाए । श्यामाले स्नान गरी फर्किरहेको अवस्थामा आफ्नो घरमा सैनिकहरूले घेरा हालेको देखेर उनले आफ्ना बुबासंग त्यसको कारण सोधिन् । कारण थाहा पाएपछि केही बिचार गरी उनले भन्न थालिन्– "यदि महाराजा उदयनले मेरा पाँचसय सखीहरूलाई पनि मसंगै मेरो राजभवनमा नै स्थान दिएको खण्डमा म उनको आज्ञा स्वीकार गर्न तयार छुँ ।" उनको कुराबाट प्रसन्न हुँदै उनकी बुबाले उदयनलाई बिन्ति गरे ।

राजा उदयनले पनि श्यामाको शर्त स्वीकार गरे । उनीलाई आफ्नो प्रधान राजमहिषीको पद प्रदान गरे ।

श्यामावती वीणा बजाउन अति मन पराँउदथिन् । राजा उदयन उनको कोमल मसिना औंलाहरू वीणाको तारसंग नृत्य गर्दाखेरी निस्कने झंकारमा मुग्ध हुन्थे । उनको रूप र गुणमा अनि प्रेममा राजा उदयन मग्न थियो । रानी श्यामावतीलाई फूलको ठूलो सोंख थियो । त्यसैले उनी दिनहुँ आफ्नी सेविका खुज्जुत्तरालाई आठ कार्षापण (रूपैयाँ) को फूल किन्न पठाउने गर्थ्यो । खुज्जुत्तराले भने चार कार्षापण नाफा खाएर चार कार्षापणको मात्र फूल दिनहुँ किनेर लाने गर्थिन् ।

एकदिन फूल किन्नगएको बेलामा खुज्जुत्तराले भगवान् तथागतको उपदेश सुनिन्, अनि उपदेशको प्रभावले उनले त्यो दिन देखि नाफा खान छोडे, र आठ कार्षापणको नै फूल किनेर लाने गर्न थालिन् । रानी श्यामाले बढि फूल ल्याउन थालेको कारण सोधनी हुँदा उनले सबै सत्य कुरा बताइदिइन् । धर्म चित्त भएकी श्यामावती उनीबाट प्रभावित भइन् । अनि उनले खुज्जुत्तरालाई दासी पदबाट नै मुक्त गरी राजकीय महिलाहरूको समूहमा स्थान प्रदान गरिन् । त्यसपछि खुज्जुत्तराको दैनिक काम भगवान् बुद्धको उपदेश सुन्ने, र ती उपदेश रानी श्यामावतीलाई सुनाउन आउने भयो । श्रद्धाशीला श्यामाले भगवान् बुद्ध प्रति अति भक्ति चढाउन थालिन् । अनि उनलाई शास्ताको दर्शन गर्ने ईच्छा पनि तिब्र हुनथाल्यो । परन्तु राजाको आज्ञा बिना उनले दर्शन निमित्त प्रासाद बाहिर निस्कन सकिनन् । राजाको आज्ञा प्राप्त गर्ने कार्य त्यति सजिलो थिएन । त्यसैले उनी झ्यालबाट नै धर्मोपदेशको निमित्त चारिका गर्न आउनु हुने भगवान् बुद्धलाई दर्शन गर्ने गर्थिन् । झ्याल धेरै सानो भएकोले त्यति स्पष्ट देखिन्दैनथ्यो । त्यसैले उनले झ्याल ठूलो पार्न लगाए ।

केहि समय अगाडी एकपटक भगवान् बुद्धले श्यामाकी सौता मागन्धिको रूपलाई तुच्छ गर्नु भएको थियो । त्यसैले मागन्धि भगवान् बुद्ध देखि टाढा नै रहने गर्थिन् । यता श्यामा पटरानी थिइन् । त्यसमाथि उनी भगवान् प्रति अति श्रद्धावान् थिइन् । त्यसैले रानी मागन्धी श्यामा प्रति ईर्ष्याले जलिरहेकी थिइन् । त्यसैले उनले श्यामालाई कष्ट दिने उपाय सोचिन् । एकदिन उनले राजा उदयनलाई श्यामा प्रति रीस गराउनका लागि भन्न थालिन्– "श्यामाले हजुरलाई मन पराउँदैन । उनी त गौतमलाई मन पराउँने गर्छिन् । त्यसैले दिनहुँ गौतमलाई हेर्नको लागि उनले झ्याल ठूलो पारेकीछिन् ।"

राजालाई श्यामावतीको स्वभाव राम्ररी थाहा थियो । त्यसैले भगवान् बुद्ध प्रति यस्तो वाक्य प्रयोग गरेको सुनी उदयनले मागन्धीलाई गालि गऱ्यो । त्यसपछि दुर्विनिते मागन्धीले फेरी भन्यो– "हजुरको लागि कुखुराको मासु पकाउन एकपटक रानी श्यामावतीलाई अऱ्हाइ बक्सियोस् त, अनि हेर्नुस्, उनले मासु पकाउँछिन् कि पकाउँदिनन् ?" यसरी रानी श्यामालाई जिउँदो कुखुरा मारेर ल्याउन राजालाई आदेश दिन लगाए । "पाणातिपाता वेरमणी सिक्खापदं समादियामि" भन्ने शील पालन गरिरहेकी श्यामाले त्यो कार्य गर्न नम्रतापूर्वक अस्वीकार गरिदिइन् । तर मागन्धी आफैले फेरि कसैले थाहा नपाउने गरी कुखुरा मारेर गौतमको निम्ति मासु पकाएर ल्याउनु भनी श्यामा कहाँ दिन पठाइन् । श्यामाले त्यो कुखुराको मासु पकाएर दिई पठाइन् । छलपूर्वक मागन्धीले यसरी आफ्नो कुरा सिद्ध पारेर राजालाई देखाइन् । अनि राजा उदयन रानी श्यामादेखि रिसाउन थाल्यो । यति गरेर पनि मागन्धीको इर्ष्या शान्त भएन ।

एकरात उनले राजा उदयन समक्ष श्यामावतीले दिइ पठाएको वीणा भित्र एउटा विषधारी सर्प घुसाएर पठाइदिइन् । राजाले सर्प देख्यो । अनि मागन्धीको कुरामाथि विश्वास गरेर राजाले यसरी सोच्न थाले– "श्यामाले मलाई अवश्य पनि मार्न खोजेकी हुन् ।" राजा उदयन रीसको आवेशमा काँप्न थाले । उनले श्यामावतीलाई मार्नका लागि आफ्नो धनुष निकालेर तीर हान्न खोज्यो । तर निर्दोष श्यामा र उनका सखीहरूले मन मनै भगवान् महाकारूणीकलाई वन्दना गरी मैत्री भावना गरीराखे । अनि राजाको वाण टक्क रोकियो । उसले धनुषवाण जमिनमा फालेर आफ्नो गलतीप्रति पश्चाताप गरी श्यामावतीलाई भने– "मलाई क्षमा गर प्रिय ! तिमी निर्दोष छौ ।" श्यामाले नम्र वचनमा भनिन्–

"हजुर मेरो स्वामी होइबक्सिन्छ । हजुरले मसंग क्षमा नमागी बक्सियोस् । म हजुर संग रिसाएकी छैन । यदि हजुर म देखि प्रसन्न हुनुहुन्छ भने मलाई भगवान् बुद्धको दर्शन गर्ने स्वीकृति प्रदान गरिबक्सियोस् ।"

राजाले उनीलाई विहारमा जान, र दान धर्म गर्न पाउने आज्ञा दिए । श्यामाले फेरि बिन्ति गर्न थालिन्– "देव ! मलाई धार्मिक सिद्धान्त सुन्नका लागि एकजना स्थविरको प्रबन्ध गरिदिईबक्सियोस् ।"

राजाले भगवान् बुद्ध समक्ष विनयपूर्वक अनुरोध गरी आनन्द स्थविरलाई त्यस कार्यको निम्ति प्राप्त गरे । रानी श्यामावतीले उहाँबाट धर्म ज्ञान सिकिन् । छिटै नै उनले धर्मको सिद्धान्त बुझिलिइन् । उनले एकदिन श्रद्धापूर्वक आनन्द स्थविरलाई चीवर दान गरिन्, जसमा पाँचसयवटा बहुमूल्य उत्तरा पनि संगै अर्पण गरेकीथिइन् ।

मागन्धीले झन् इर्ष्या गर्न थालिन् । एकदिन उनले राजालाई दूर एउटा बनमा घुमाउन लगिन् । अनि त्यहीबेला उनले आफ्नी काकालाई लगाएर श्यामाको दरबारमा आगो लगाउन दिए । निरपराधी श्यामा र उनका सखीहरू आगोले जलेर दिवंगत भए ।

मागन्धीसंगै राजा फर्किरहेको बेलामा निर्दोष रानी श्यामावती र उनका सखीहरूको दुःखद एवं अकाल मृत्यु भएको समाचार सुनेर राजा अत्यन्त दुःखी भयो । उसले मागन्धीको षडयन्त्रलाई थाहा पायो । अनि राजाले रानी मागन्धी लगायत उनका नाताकुतुम्बहरू सबैलाई उम्लिएको तेलमा हालेर मार्न लगाए । मागन्धीलाई उनको क्रूर कार्यको फल भोग्नु पऱ्यो ।

एकदिन जेतवन विहारमा श्रद्धामयी श्यामावतीको कुरो चलिराखेको बेलामा महाकारूणिक भगवान् तथागतले उनको दुःखदायी अकाल मृत्युलाई पूर्वजन्मको फल भनी बताउनुभई भगवान् बुद्धले उनलाई मैत्रीविहारिणी उपासिकाहरू मध्ये सर्वश्रेष्ठ पद प्रदान गर्नुभइ कृतार्थ पार्नुभएको थियो । ■

*साभार- 'आदर्श बौद्ध महिलाहरू'*

- **"कोही संसारमा जन्म लिन्छन्, पापीहरू नर्कमा जन्मछन्, पुण्यवान् व्यक्तिहरू स्वर्गमा जन्मन्छन्, चित्तमल नभएका व्यक्तिहरू परिनिर्वाण हुन्छन् ।"**
- **"आकाश, समुद्र र पर्वतको प्वाल आदि जुनसुकै ठाउँहरूमा लुक्न गएपनि पापकर्मको फलबाट बच्न सकिने प्रदेश यस लोकमा कहीं पनि छैन ।"**

# महाबुद्ध

✍ **रमिला शाक्य** *'परियत्ति सद्धम्म कोविद्'*
*थैना, ललितपुर-६*



*पाटनको महाबुद्ध चैत्य*

मन्दिरै मन्दिरको देश भनेर चिनिने यो नेपाल मण्डलमा अनेकौं मन्दिर छन् । हरेक मन्दिरको आ-आफ्नै कलात्मकता र विशेषताहरू छन् । यसमध्ये कैयौं मन्दिर राजामहाराजा एवं धनाढ्य महाजनहरूले विशेष निमित्त लिई बनाएका छन् तर त्यसमध्ये महाबुद्ध मन्दिरको एक पृथक किसिमको असाधारण विशेषता छ । एक सामान्य परिवारका साधारण व्यक्तिको श्रद्धा र अदम्य साहसको प्रतीक हो, महाबुद्ध मन्दिर ।

महाबुद्ध मन्दिर बि.सं. १६२२ तद्अनुसार नेपाल सम्वत् ६८५ सालमा हाम्रा पूर्वज पं. अभयराज शाक्यद्वारा ओकुबहाल, ललितपुरस्थित आफ्नै निवास स्थानमा निर्माण गर्नुभएको थियो । यस महाबुद्ध मन्दिर निर्माण गर्नुमा वहाँलाई प्रेरणा र हौसला बढ्नुमा एक किंवदन्ती छ । पं. अभयराज सिद्धहस्त कलाकार हुनुका साथै बौद्ध विद्वान् पनि हुनुहुन्थ्यो । वहाँ बुद्ध धर्म प्रति अटल श्रद्धा राख्नुहुन्थ्यो । एकदिन वहाँको मनमा यो क्षणभङ्गुर शरीरको केही भर छैन । उमेर भएकै बेला भगवान् शाक्यमुनि बुद्धको चार संवेजनीय स्थान दर्शन गर्नुपऱ्यो भनी निश्चय गरी आफ्ना छोराहरूसंग सल्लाह गरी परिवारसंग बिदा लिई धर्मपत्नी सहित तीर्थयात्रामा निस्कनुभयो । उक्त चार अनुत्तर स्थानमध्ये प्रथमतः बोधिज्ञान प्राप्त गर्नुभएको बुद्धगया दर्शनार्थ जानुभयो । त्यहाँको बुद्धगया मन्दिर दर्शन मात्रले वहाँलाई अपरिमित प्रीति सुख उत्पन्न भएर श्रद्धा भक्तिपूर्वक वन्दना प्रदक्षिणा पूजा गर्नुभयो ।

महावोधि मन्दिर बोधि मण्डप सात सप्ताह व्यतित गर्नुभएको पुण्यक्षेत्रको दर्शनले पं. अभयराज दम्पत्तिको खुशीको सीमा रहेन । आफूहरूले उक्त पावन क्षेत्रमा आउन पाउनुमा अहोभाग्य सम्झेर त्यही स्थानमा ध्यान साधना गरी बस्ने धर्म चेतना उत्पन्न भयो । तसर्थ त्यहीं धर्माचरण पूर्वक बसोबास गरे । तिर्थाटन पूर्व नै

गर्भवती भएकी अभयलक्ष्मी (धर्मपत्नी) ले त्यहीं स्थानमा एक पुत्रलाई जन्म दिइन् । बुद्धगयामा जन्मेको पुत्रको नाम 'बुद्धजु' भनी नामाकरण गरियो । पं. अभयराजको बुद्धजुसहित जम्मा ५ सन्तान भए– १) मयरजु २) व्यधरजु ३) जगन्नाथजु ४) हेरजु र ५) बुद्धजु ।

आफ्ना परिवार सहित ध्यान साधना गर्दै तीन वर्ष बितेको पत्तै पाएनन् । एकदिन अकस्मात् विद्याधरी देवी (कुलदेवता) बाट आकाशवाणी भयो कि "भो कुलपुत्र तिम्रो ध्यानसाधनाबाट म अत्यन्त प्रभावित भएँ । हाम्रो देशको लागि तिम्रो खाँचो छ तिमीले यस्तै बोधिमण्डप स्वरूप बुद्धगया मन्दिर आफ्नो जन्म भूमिमा बनाउन जाउ यसको लागि तिमीलाई राजसम्मान सुख सम्पत्ती प्राप्त हुन्छ भने परत्र दिव्य सम्पत्ती लाभ हुन्छ ।" यस आकाशवाणी सुनी अत्यन्त हर्षविभोर भई पक्कै पनि बुद्ध गयासम्म पुगेर दर्शन गर्न नसक्ने प्राणीहरूको लागि मैले आफ्नै स्थानमा बुद्ध मन्दिर बनाउनुपर्छ भन्ने अठोट लिई आफ्नो कुलदेवता विद्याधरीदेवीको आकाशवाणीलाई शिरोपर गर्दै आफ्ना धर्मपत्नी अभयलक्ष्मी र छोरा बुद्धजुसहित आफ्नो जन्मभूमि फर्कने तयार गर्नुभयो ।

आफ्नो बुद्ध मन्दिर बनाउने अभिलाषा सिद्धिको प्रार्थना गरी भगवान् बुद्धको अन्तिम दर्शन प्रदक्षिणा गरी घर फर्कन केही पाइला अघि बढाएपछि आफ्नो पछि-पछि कोही आएको ध्वनी अजिले सुन्नुभयो । पछाडि फर्केर हेर्दा एक बित्ता जति साइजको बुद्ध प्रतिमा देख्नुभयो । अचम्भित भई आफ्ना स्वामी पं. अभयराजलाई बोलाउँदै देखाइन् । ती दम्पत्तिको खुशी र हर्षको सीमा रहेन । यो हामीलाई प्रसाद स्वरूप प्राप्त भएको होला भनी लिएर अजिको पटुका भित्र राखेर ल्याउनुभयो ।

आनन्दपूर्वक आफ्नो घर पुगेपछि बुद्धमूर्ति आफ्नो घरको पूजा कोठामा आदरपूर्वक राखी दैनिक नित्य पूजा गरिरहे । बुद्धगयाबाट फर्के लगतै राजा अमर मल्लबाट पं. अभयराजलाई बोलावट आयो र हुकुम भयो कि "मेरो बुबा रत्न मल्ले तिम्रो बुबा मदनाम शाक्यलाई राष्ट्रिय टक विभागको 'दिट्ठानायक' पद दिई चित्लाङको पहाडको तामाखानीबाट तामा निकाली टक छाप्ने काम अब तिमीले गर्नुपर्‍यो । तिमीलाई आजैदेखि तिम्रो बुबाको पदमा बसेर काम गर्ने पदवी दिइयो । अत्यन्त हर्षित भई राजाज्ञानुसार तामाको सुकी बनाउने 'दिट्ठानायक' पदमा बसी इमान्दारपूर्वक काम गरेको देखी अमर मल्ल प्रभावित भई सिद्धहस्त कलाकारको पदवी र इनामबक्स भयो । कूलदेवताको आकाशवाणी बिर्सेर आफ्नो कामकाजमा भुलेको पण्डित अभयराजलाई विद्याधरी देवीले स्मरण गराई फेरि फुकेर पुनः भन्नुभयो– "भो कुलपुत्र तिमीले आफ्नो प्रणिधान बिर्स्यौ कि बोधिमण्डप बनाउने कार्य किन गरेनौ ? यो शरीर क्षण भङगूर छ, असार काममा भुलेर सार सद्धर्म बाहेक आफ्नो भन्नु केही छैन । यो मेरो अन्तिम वचन भयो ।" यस आकाशवाणीबाट झल्यास्स आफ्नो प्रतिज्ञा सम्झेर अत्यन्त लाचार भई देवीसंग क्षमायाचना माग्दै आफ्नो अठोट पूर्ण गर्ने संकल्प गर्नुभयो । अनि आफ्नो परिवारसंग आफ्नो इच्छा अठोट देवीवाणी वृत्तान्त बेलिबिस्तार सुनाई मन्दिरको बनावट, स्थान, समय, खर्च व्यवस्थापन, सामाग्री, विषयवस्तु बारे बृहत छलफल गरियो । तदनुसार पं. अभयराजले आफूले देखेको बुद्धगयाको मन्दिरकै शैलीमा पृथक बनावटमा आफ्नो देशको शिल्पकला राखी ठूलो पौभा शैलीमा नक्सा तयार गर्नुभयो । यसलाई आफ्नो छोराहरूलाई देखाएर उक्त शैलीमा त्यस मन्दिर आफ्नै घरको चोकमा विद्याधरी देवी मन्दिरकै प्राङ्गणमा निर्माण गर्ने निर्णय गरियो ।

सो अनुसार शुभमुहुर्तमा पूजा अर्चना गरी ने.सं. ६८५ बि.सं. १६२२ मा सिलान्यास गरी कार्य शुभारम्भ गरियो । यसको लागि माटोको काम हेर्ने जिम्मा त्यसैको जानकारीलाई, ढुङ्गाको काम गर्ने विशेषज्ञ, काठको काम गर्ने, खर्च विवरण राख्ने प्रत्येकलाई सबै कार्यकुशलताको आधारमा छनौट गरी नियुक्त गरियो । बुद्धमन्दिर निर्माणमा मूल नायक पं. अभयराज नै हुनुभयो । वहाँको निर्देशनमा काम सुचारु रूपले अघि बढ्यो । गर्भमा बुद्धगयाबाट अजिले पटुका भित्र राखेर ल्याएको सानो बुद्धमूर्ति प्रणिधान गरी राखियो ।

त्यस जमानामा न इन्जिनियरिङ न आर्किटेक्चर तर उक्त मन्दिर संरचना पं. अभयराजले दूरदृष्टि राखी पोलेको माटोमा भिजाएको मास र बज्रको परिमाण मिलाएर साँचोको साइज, डिजाइन, बनाएर छाप लिने कार्य प्रारम्भ गरियो । अनेक शिल्पकला, झलर, बुट्टा, प्रस्तर छाप, बुद्धमूर्ति अङ्कित एक-एक झिानो मसिनो

कुराको निर्देशन मूर्तिका परीक्षण, जल परीक्षण गरी कार्य सुचारू गरियो । मन्दिरको प्राङ्गणमा एक तला पुग्दा-नपुग्दै पं. अभयराजको कालगतिले निधन भयो । त्यसपछि यसको कार्यभार बोकेका चार छोराहरू मयरजु, व्यधरजु, जगन्नाथजु र हेरजुले कार्य सञ्चालन गर्नुभयो । बुबाको अनुपस्थितिमा अन्योल भई कार्य सविस्तार गर्न ढिलासुस्ति भयो । त्यसमा पनि मसिना बुट्टा, निर्देशनको कमीले बल्ल-तल्ल एक तला पूरा हुँदा ती चारै छोराहरू पनि वर्ष दिन नबित्दै निधन भए । आफ्नो बुबाको निधन पछि दाजुहरू पनि सबैले छोडेर जाँदा बुद्धजुलाई ठूलो पीर पऱ्यो । अनित्य यो संसारमा मेरो जिन्दगी भरमा पनि यो मन्दिर पूरा गर्न सकिने हो कि होईन ? भनि निरास भए । केही समयसम्म त मन्दिर निर्माण कार्य रोक्का भयो ।

बुद्धजुले विद्याधरी देवीको पूजार्चना गरी देवदेवीहरूले समेत यस कार्यमा सहयोग गरिदिन पऱ्यो भनि आराधना गरी पुनः मन्दिर बनाउने कार्य अघि बढाए । यसमा बुद्धजुका छोरा जीवराज र नाति जयमुनिले पनि साथ दिए । एवं प्रकारले जोडतोडले काम धमाधम वीर्यपूर्वक सम्पन्न हुँदै गए । दुई वर्षपछि दुई तला पूरा भयो । तत्पश्चात् बुद्धजु पनि यस अनित्य संसारबाट बिदा भए ।

यसरी आफ्ना बाजे, ठूला बुबाहरू र आफ्नो बुबाले पनि छोडेर जाँदा जीवराजको मनमा अनित्य भयत्रासले सकेसम्म छिट्टै आफ्नो पूर्वजको मनोकांक्षापूर्ण गर्ने हेतुले बुबाको मृत्युको शोकमा नडुवी मन्दिर निर्माण कार्य यथासक्य छिट्टै सम्पन्न गर्ने उत्साह जाग्यो । जीवराजको छोरा जयमुनि विलक्षण प्रतिभावान् थियो । जीवराजलाई छोरा जयमुनिको ठूलै भरथेक थियो । बुबा छोराको श्रद्धा वीर्य अथक परिश्रम देखेर छक्क पर्थे । एकदिन अकस्मात एक हट्टाकट्टा जवान व्यक्ति आई यस पुण्यकार्यमा म पनि सहभागी हुन पाउँ भन्न आयो । के गर्न सक्छौं त ? भनि सोद्धा माटो मुछ्न सक्छु भने साँच्चै उसलाई माटो मुछ्ने जिम्मा दिइयो । लगातार तीन दिनसम्म माटो मुछिदिए । माटो  यति नरम यति परिमाण मिलेको कि एक कोठा भरी माटो मुछेर अन्तरर्धान भए ।

त्यस्तै मन्दिर बनाउन पानी ओसार्नुपर्ने पानीको अभावले जयमुनिलाई आजको काम कसरी गर्ने होला भनी पीर परेर सबेरैदेखि निन्द्रै परेन । मन्दिर चोकमा बसिरहेको जयमुनिलाई यो पानी घडा कहाँ राख्ने भन्दै अप्सरा जस्तै सुन्दरीहरूले सोधिन् । ठूलो तामाको भाँडा (जःस) मा खन्याई दिनुभन्दा मानेनन् । अनि मन्दिरको चारैतिर राखिदेउ भन्दा पानी घडा निर्देशित ठाउँमा राख्नै जान लाग्दा जयमुनिले तपाईंहरूको नाम के हो नि भनी सोद्धा वीणादेवी, वंशादेवी, मृदंगदेवी, लास्यादेवी, माल्यादेवी, गीतादेवी, नृत्यादेवी, पुष्पादेवी, धुपादेवी, गन्धादेवी, रसादेवी, दीपादेवी, हास्यादेवी, ललितादेवी, मुदितादेवी, लास्यादेवी आदि भन्दै गए । केही पर पुगेपछि अन्तरर्धान भइन् ।

यसरी महाबुद्ध मन्दिर दिनप्रतिदिन कार्य सम्पन्न हुँदै गयो एवं प्रकारले ३५ वर्ष बिताएर जीवराज र जयमुनिको कुशल नेतृत्वमा महाबुद्ध मन्दिर निर्माण कार्य सम्पन्न भयो ।

त्यसपछि ने.सं. ३७१ आषाढ शुक्ल सप्तमी बुद्धबारको दिन राजा श्री जय शिवसिंह मल्लको प्रमुख आतिथ्यमा महाबुद्ध मन्दिरको पं. जयमुनि र जजमान जीवराजले महामङ्गलोत्सव गरी प्रतिष्ठा कार्य सुसम्पन्न गरियो । महाबुद्ध मन्दिर सात तलाको छ । यसमा पहिलो तलामा पूर्वाभिमुख शाक्यमुनि तथागत, दोस्रो तलामा अमिताभ तथागत, तेस्रो तलामा चैत्य, चौथो तलामा वागीश्वर धर्मधातु मण्डला, पाँचौं तलामा बज्रधातु मण्डला, छैठौं तलामा चैत्याकार चुडामणी, सातौं तलामा चैत्याशिर (गजूर) रहेको छ ।

यस महाबुद्ध मन्दिरमा बुद्धगयाको महाबोधि मन्दिरकै अंशको रूपमा मानिन्छ । किनभने पं. अभयराज र वहाँको पत्नी तीन वर्षको बुद्धगयामा ध्यान, जप, तप गरी फर्कने क्रममा सानो बुद्ध प्रतिमा वहाँहरूको पछि लाग्नु त्यही प्रसाद स्वरूप ल्याई मन्दिरको गर्भमा राखी प्रणिधान गरेको हुनाले यसको महत्व बढेको छ भने बुद्धगया बोधिमण्डपकै शिखरकूट शैलीमा निर्माण भए पनि नेपालको वरिष्ठ कलाकारहरूको आफ्नै कलाको मूर्तरूपले सजिएको नौ हजार नौ सय नौ जना बुद्ध मूर्ति अङ्कित पद्यं, चक्र, च्वामर, गडा, झलर, अनेकन जीवजन्तु, पुष्प, झलर आदि कलाकौशलयुक्त भइकन पनि नितान्त पारिवारिक श्रद्धा धनबाट निर्मित अद्भूत कलाको उदाहरण भएर पनि यो मन्दिर महत्वपूर्ण छ । हाम्रा सिद्धहस्त पूर्वजको अनुपम धरोहर हो । ■

## सुखमय जीवनको लागि आवश्यक गुणहरू....

(८) परिवारका सदस्यहरू सबै सुतिसकेपछि घरको झ्याल ढोका थुन्ने लगायत घरको अन्य सुरक्षा कार्यहरू सबै सम्पन्न गरिसकेपछि मात्र निर्धक्क भई सुत्ने ।

(९) सासु ससुरा र आफ्ना श्रीमान्लाई आदरपूर्वक सेवा गर्ने ।

(१०) श्रमण, आगन्तुक र गुरुमांहरूलाई देवता सरहको व्यवहार गरी सेवा गर्ने ।

माथि उल्लेखित गुणहरू जुन नारीमा हुन्छ, उसको जीवन धन्य हुनेछ । यसको राम्रो प्रतिफल उनी लगायत उनको परिवारले पनि भोग्न पाउने हुन्छ । परिवार शिक्षित भएपछि मात्र समाज शिक्षित बन्नेछ । समाज शिक्षित बनेपछि मात्र देश शिक्षित बन्नेछ । त्यसैले बुद्ध शिक्षा अनुसार पहिला परिवारको सदस्यहरू शिक्षित बन्न माथि उल्लेखित नियमहरू पालन गर्न अत्यावश्यक देखिन्छ ।

## आवरण चित्र परिचय

भएको देखियो । त्यसकारण समस्त पालि साहित्य बर्मी लिपिमा मुद्रित भई पुस्तकको रूपमा प्रकाशित भयो । यसबाट बुद्ध शिक्षा प्रचार कार्यमा अझ स्थायित्व प्राप्त भयो ।

इगतपुरी नगरीमा “विपश्यना विश्व विद्यापीठ” तथा देश विदेशमा विपश्यनाका अनेक प्रशिक्षण केन्द्रहरूद्वारा यस कल्याणकारी विद्या प्रसारण हुन थाल्यो । यस संस्थाले देवनागरीमा सम्पूर्ण त्रिपिटक, अर्थकथा, टीका र अनुटीका सहित १४० सुन्दर ग्रन्थहरूमा प्रकाशन गरी बुद्ध साहित्यका पण्डितहरूलाई निःशुल्क प्रदान गरियो । यति मात्र होइन, सिडी-रोममा देवनागरी, रोमन, सिंहली, बर्मी, थाई, कम्बोडियन (खेमर), मंगोलियन, आदि सात लिपिमा सारा साहित्य निवेशित गरियो । अब यसलाई सर्वसुलभ गर्नको लागि भारतका अन्य भाषाहरूमा जस्तै- कन्नड, मलयालम, तेलुगू, गुरुमुखी र गुजराती आदिमा पनि इन्टरनेटमा निवेशित गरियो । यथासिघ्र नै बंगला, तिब्बती आदि अन्य लिपिहरूमा पनि इन्टरनेटमा उपलब्ध गरिनेछ । ■




पाप कर्म (अकुशल कर्म) कहिल्यै नगर्नु
पुण्य (कुशल कर्म) गर्दै जानु ।
आफ्नो चित्त (मन) लाई शुद्ध गर्नु ॥
यही नै बुद्धको उपदेश हो ।

VISHWA MOTOR TRADERS

**बिश्व मोटर ट्रेडर्स**
अनूर सुन्दर तुलाधर
सलिल सुन्दर तुलाधर
काठमाडौं, नेपाल ।
मोवाइलः ९८५१०५११३१, ९८५१०५११४७
e-mail: vishwamotor@gmail.com

टोयोटा, मित्सुबिसि, निशान, इसुजु, सुजुकि इत्यादि गाडिका पार्टस्हरूको साथै व्याट्रि र इन्भर्टरको लागि सम्पर्क गर्नुहोस् ।

# In Pursuit !

"Did thieves get in? Have they stolen anything?" Harshaman shouted from the stairs.

Dhana Kaji awakened with a start. "What are you doing here at this hour?" he called down to his father. "We weren't expecting you back till tomorrow."

Ignoring his son's question, Harshaman stormed on, "Who left the main door unlatched? Where is your mother? Where's your sister?"

Who had left the main door unlatched?

Dhana Kaji understood what had happened when he remembered the exchange with his sister the previous evening. "I will let you know my decision tomorrow," Ganesh had assured him. Now tomorrow had arrived, and this was her decision - she had run away!

Jumping from bed, Dhana Kaji ran to his sister's room and found it empty. "Are you awake?" he called through his mother's closed door. "Father is back from Kathmandu. He's looking for you."

Just as Harshaman reached the top of the stairs, Hirathaku emerged from her room, yawning. Had she been asleep at the time of her daughter's departure? Or, hearing her tiptoe down the stairs and, fearing to wake her youngest son, did she decide to let Ganesh go without saying goodbye? After hearing the escape car drive away, did she fall, relieved, into a dreamless sleep? She would never tell.

"Where's our daughter?" Harshaman roared. "Cruel woman, while my back was turned, did you send her off?" As he fired questions at his wife, his throat grew dry. Although he had more to say, he could no longer speak. Hirathaku watched in silence as tears rolled down his cheeks.

Unable to contain his guilt, Dhana Kaji cried, "Father, last night, I was visiting friends, and one said to me, rumor has it, while your father's in Kathmandu, Ganesh is planning to run away to Burma. Straight away, I raced home to talk to her. I even asked Uncle to try to convince her to give up her plan. In the end, it looked like we had indeed convinced her, but now I know she was only pretending so we'd let her alone."

Harshaman was no longer listening to his son, realizing that his wife had made all the arrangements. How else would such a young girl have gathered the courage to run away from home? His sorrow at losing his daughter turned to rage. "Devil," he screamed at Hirathaku. "You conspired against me! Why did you send our daughter away and just one of our sons? Damn you, you should have left as well and taken our other sons with you!"

Harshaman rarely got this angry, but when he did, Hirathaku knew it was best to leave him alone to calm down. After she walked away, he turned to Dhana Kaji, "I suspected she'd run off eventually, but since I never imagined she'd go as soon as this, I thought, well, I'll go to Kathmandu for a couple of days...and off I went. Then last night, I had a nightmare so I rushed back here to Patan a day early!

"I saw a car coming from the opposite direction. I wondered if Ganesh was in that car, so I tried to look inside it, but because it was moving so fast, I could not see anything. For a moment, I tried chasing it, but then realized, if she was not in it, chasing the car would be a waste of time...

"If in fact she and her friends left by car they couldn't have gone far because the road is so rough. We've still got a chance to catch up with them."

When Dhana Kaji asked Hirathaku if

they had left by motorcar, she could not lie to him and admitted that Ganesh and her friends had left by car.

Father and son wasted no time. Dhana Kaji jumped on a bicycle and pedaled off while Harshaman went looking for a vehicle to take him up to Thankot. Though he ran all over Lalitpur, hoping to find a willing driver, luck was against him. However long he pleaded with them, the drivers all said they would not want to drive that terrible road, even in dry weather. Given how slippery the road was now, the monsoon rains had started, he could not persuade anyone to drive him up to Thankot. Eventually, he gave up and came home.

Meanwhile, Dhana Kaji was not having any luck either. By the time he reached Kalimati, the wheels of his bike were heavy with mud and it soon became impossible to pedal further, so he got off his bike and pushed it. After he had gone half a mile, he encountered a group of villagers. Seeing him pushing a bicycle on a road so mired in mud that even walking was difficult, they looked at him with pity. Noting their quizzical expressions, Dhana Kaji's determination faltered.

"Brother, where are you coming from?" he asked one of

"Balambu," the man replied. "Where are you going? You do not look like you are from around there. What takes you that way? Why are you pushing your bike along this muddy road?"

Given Balambu's proximity to Thankot, Dhana Kaji surmised that the villagers would have seen the car in which his sister was traveling.

"I have work there, but the road is terrible," he said, "Tell me, did you see a car pass this way?"

"Are you out of your mind?" the man exclaimed. "Even when it's dry, cars rarely take this road. No driver would be stupid enough to take it in the monsoon season. No cars have passed. They couldn't get through."

"I see," said Dhana Kaji. "But by any chance, did you meet a group on foot -- three young girls, a young man, older woman?"

"No, we haven't seen them. It is only you whom we've met so far."

Discouraged, Dhana Kaji decided to go home. Finding his father at the house, the two exchanged stories and concluded that, given the state of the road, Ganesh and Mana Kaji must have turned back and were now hiding out in Kathmandu or Lalitpur, most likely in the house of one of Laxmi Maya's relatives.

Harshaman launched a thorough search for his children. Only after it proved fruitless,

## चतुआर्य सत्य

(भजन)




✍ **प्रदिप शाक्य 'घोषक'**
*नयाँ बानेश्वर-३१, काठमाडौं*

शरणागत छु भो प्रभु शास्ता
तिम्रै कोमल चरणमा
देउ शिक्षा हामीलाई
सार्थक जीवन जिउन यहाँ ॥धु॥
दियौ शिक्षा चर्तुआर्य सत्य ज्ञान
दुःखरुपी यो भव सागर बुझ्न
देखायौ मार्ग आर्य अष्टाङ्गिक
सारा यो दुःखबाट मुक्ति पाउन ॥१॥
दुःख सत्य, दुःख समुदय
दुःख निरोध आर्य सत्य
दुःख निरोध गामिनी प्रतिपदा
यिनै चार हुन आर्य सत्य ॥२॥
दुःख छ यहाँ, दुःखको कारण पनि
दुःख हटाउन सकिन्छ नि
दुःख हटाउने उपायको रूपमा
आर्य अष्टाङ्गिक मार्ग अपनाऔं ॥३॥

did he learn that the car that carried Ganesh and the others had returned having dropped them off at the base of Chandragiri. Realizing that by now they would have started their ascent, he asked the police to have them apprehended at the Bhimphedi checkpost. He ordered Dhana Kaji to hike up to the checkpost in the shortest possible time to bring them back. He also sent a message to a business associate who lived in Bhimphedi Bazaar, asking for his help. ■

*Source: Beloved Daughter*
*(The Story of Dhammawati Guruma)*

## श्रद्धेय माधवी गुरुमांको तेस्रो वार्षिक पुण्यतिथि




*२०८२ पौष २८ गते, सोमबार*
*स्थान- यशोधरा विद्यालय परिसर*

यसदिन सुनन्दाराम विहार तथा यशोधरा बौद्ध माध्यमिक विद्यालयका संस्थापिका तथा नेपाल थेरवाद बुद्ध धर्म र शिक्षा क्षेत्रको विकासमा आजीवन समर्पित रहनु भएकी जेष्ठतम माधवी गुरुमांको तेस्रो वार्षिक पुण्य तिथिमा सुनन्दाराम विहार परिवारले एक कार्यक्रम आयोजना गरी श्रद्धेय भन्ते गुरुमांहरूलाई भोजन जलपान दान तथा अन्य दान प्रदान कार्य सम्पन्न गरियो । उक्त कार्यक्रममा माधवी स्मृति संग्रह पुस्तक पनि विमोचन गरियो ।

यसदिन दाता श्री धनमय्जु भवानी सपरिवारबाट भोजन दान गरी पुण्य सञ्चय गर्नुभएका थिए । कार्यक्रम श्रद्धेय भिक्षु पञ्ञारतनले सञ्चालन गर्नुभएको थियो ।

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**



## दिवंगत उपासिका तारा नकर्मी

रबिभवन, काठमाडौं

*जन्म : बि.सं. २००७ जेठ ११ गते*
*दिवंगत : बि.सं. २०८२ पौष २९ गते*

धर्मकीर्ति पत्रिकाका विशेष सदस्य
**उपासिका तारा नकर्मी**
७५ वर्षको उमेरमा दिवंगत हुनुभयो ।
उपासिका तारा नकर्मीले
आफ्नो जीवनकालमा संचय गर्नुभएका
पुण्यशक्तिले
उहाँको परलोक जीवन सुगतिमय बनी
निर्वाण हेतु प्राप्त होस् भन्ने
कामनाका साथ पुण्यानुमोदन गर्दछौं ।
भवतु सब्ब मंगलम् ।

**धर्मकीर्ति पत्रिका परिवार**
**धर्मकीर्ति विहार**
श्रीघः, नघः, काठमाडौं

*स्वास्थ्य सम्बन्धी जानकारी :*

# निमोनिया ज्वरया लक्षण व उपचार

निमोनिया ज्वर तसकं हे ग्यानापु । इलय् हे ल्वय् म्हसीकाः उपचार यायेमफुत धाःसा थुकिं ज्यान वनेयः । निमोनिया ल्वय् जीवाणु अथवा भाइरसया संक्रमणं यानाः जुइगु खः । सुं मनूयात विशेष कथंया किटाणुं हमला यात, अले व मनू किटाणुलिसे ल्वायेत सक्षम मजुल अथवा वयागु प्रतिरोधक शक्ति मगात धाःसा व निमोनिया ल्वचं याकनं पीडित जुइ ।

**निमोनिया ज्वरया लक्षण :**

- निमोनिया ज्वरय् ल्वगियात आकाभ्काकां चिकुज्वर वइ । थ्व ज्वर धमाधम थहां वनी, कुहां वइ हे मखु । थ्वया लिसें म्हुतुसि वँचुया वनीगु, तसकं सने मफयावनीगु, छुं हे मचायावं थें जुइगु आदि जुयावइ ।

- थ्व ल्वचय् तसकं मुसु वइ । तुइक, म्हासुक व वाउँक खै ब्वलावइ । छाति नं स्याये फु । सासः फुं फुं मिनावइ । चिचिधिकःपिं मस्तय्के थ्व लक्षण अप्वः खनेदइ । थज्याःगु अवस्थाय् मचाया श्वासनलि कय् कुनीगु नं जुइफु । उपचार याकनं मजुल धाःसा ल्वगिया हालत धमाधम स्यनावनी । व तसकं हे कमजोर खनेदयावइ । ज्वर भ्कन् थहां वनी, छाति नं न्याक्क हे स्यानावइ । गुलिं गुलिं ल्वगितय् खैलिसें हि नं खनेदयावइ ।

- निमोनिया ज्वरय् स्वंया छखेर वा निखेरं हे मनावइ ।

- थ्व ल्वचय् सुख्खा मुसु वयाच्वनीगु जुया हे च्वनी ।

- मुसु तयबलय् ख्वाः ह्याउँया वइ, तर कफ ब्वला वइमखु । अले सासः ल्हायेत थाकुइ । थथे जुइबलय् ल्वगिया अय्च्वने थय्च्वने हे दइमखु ।

- निमोनिया ज्वरय् ल्वगियात तसकं हे लः त्वने फइमखु ।

- निमोनिया ज्वरय् मुसु वइगु, स्याइगु व ज्वर वइगु थ्व स्वतां छक्वलं नं जुयावयेफु ।

**निमोनिया ज्वर वइगु कारण :**

- निमोनियाया लक्षण ल्वगिया स्वास्थ्यय् निर्भर जुइ । जीवाणुं यानाः जुइगु निमोनियाय् तसकं ज्वर वइगु, मुसु वइगु, म्हं स्याइगु व स्वांस्वां सासः ल्हाये वइगु आदि लक्षण खनेदइ । भाइरल जुइगु निमोनियाय् फ्लूया थेंज्याःगु लक्षण खनेदइ । दसुया निंतिं ज्वर, वाक्वाक् वइगु, सासः ल्हाये थाकुइगु, सुख्खा मुसु, म्ह स्याइगु व कम मात्राय् जक कफ दयावइगु जुइ ।

- अप्वः थें मामिलाय् ल्वय्या सुरुवातय् साधारण सेखं व कथु वालावाला मिनीगु जुइ । म्हुतु, न्हाय्, कथुइ दुहां वनीगु भाइरस वा ब्याक्टेरियां ह्वःताः चूलायेवं हे सासः नलिया रक्षा प्रणालीयात ध्वं लानाः दुहाँ वनाः संक्रमण न्यंकाबी ।

- छुं छुं मामिलाय् तप्यंक फलसं वःगु भाइरस व ब्याक्टेरियां नं जुइफु । छुं छुं मामलाय् धाःसा म्हया मेगु गुगुं अंग हिया लँपुं ल्वय् पिकाइगु ब्याक्टेरिया स्वँय् थ्यंकःवनी ।

- सेखं चाः वा मुसु वयाः भाइरस संक्रमण कथु व स्वँय् अप्वः न्यनावन धाःसां नं थ्व लिपा वनाः निमोनियाया कारण जुइफु ।

- निमोनिया जुइगु मेमेगु कारणय् दुथ्याः - मौसमय् वइगु हिउपाः ख्वाउँ चाइगु, स्वँय् चोट लाइगु आदि । अथे हे खिचाकै वयाः नकतिनि जक लंम्ह मचायात थ्व ल्वय् जुइयः । थौंकन्हय् ला प्रदूषणं यानाः नं थ्व ल्वय् जूगु खनेदयावःगु दु ।

**निमोनिया ज्वर वइबलय् बिचाः यायेमाःगु खँ :**

- निमोनिया ज्वर वःम्ह ल्वगियात छाति स्यात धाःसा सिसिइ क्वाःलः तयाः क्वाः तयेकेगु व स्याः क्वलाकेगु वासः नकेगु यायेमाः ।

- मुसुं यानाः छातिइ समस्या जुइफु । तर उकियात दिकेगु ज्या यायेमजिउ । छाय्कि खै गुलि अप्वः वल, उलि हे बांलाः । गुगु इलय् मुसु वइ, उगु इलय् ल्वगियात बिचाः यानाच्वंम्हं थःगु ल्हातं ल्वगिया छातिइ उसिउसि यानाः लिधंसा बिल धाःसा ल्वगियात याउँसे च्वनी, स्याइगु नं म्हो जुइ ।

- निमोनिया ज्वरया अप्वः थें मामलाय् न्हय्न्हुं

निसें भिन्हुतकया दुने ल्वय् क्वलाइ । ल्वगिं न्हापा स्वयां यक्व हे याउँसे च्वंगु अनुभव याइ । छुं मेगु हे ल्वचं याना: निमोनिया जूगु खःसा निमोनिया जुइ न्ह्यःया ल्वय्यागु नं बांलाक उपचार जुइमाः ।

- हाछिकाः तइबलय् मुसु तइबलय् अले थुलि तक कि ल्वगिं खँ ल्हाइबलय् नं वयागु लाः चिचाः वनाः थ्व जीवाणु मेपिंत न्यनावनेफु । संक्रमित मनुखं गुगुं सफू, मेच, कप, गिलास आदि थी व दक्वं नं संक्रमित जुइ । अथे जूगुलिं संक्रमित ल्वगिया सम्पर्कय् वये धुंकाः वा वयागु सम्पर्कय् वःगु वस्तु थी धुंकाः तुरुन्त हे साब्वनं ल्हाः मिलेगु यायेमाः ।

- मुसु आदि छ्वाः स्वयां नं न्ह्यवंनिसें वःगु खःसा उकियात सामान्य कथं कयादीमते ।

- चिधिकःपिं मस्तयृत बांलाक बिचाः यानादिसँ । इमित चिकुं पुंके मबीगु व निभाः पायेकेगुयानादिसँ ।

- अप्वः प्रदूषण दुगु थासय् भ्यायेमते । वने हे माल धाःसा बांलाःगु क्वालिटीया मास्क तयाः जक भ्यासँ ।

**निमोनिया ज्वर वःपिन्त छु नकेगु ?**

- निमोनिया ज्वर वःम्हेसित छुचुंमरि नकादीमते ।

- वयात न्हापांगु स्वन्हु पूवंक हे सिसाबुसाया रस जक बियादिसँ । बागू गिलास गाजर व बागू गिलास चुकंदरया रस कयादिसँ । छिं प्याज तुसि, पलःया छगू-छगू कप रस पिकयादिसँ । स्वतां ल्वाकछ्याना: त्वंकादिसँ ।

- प्यन्हु दुकुन्हु निसें वयात ताजा सिसाबुसा नकेगु शुरु यानादिसँ । स्याउ, अंगूर, नकेगु दकलय् बाँलाइ ।

- निमोनिया ज्वरया ल्वगियात कागति, सन्तरासि, पलः, अम्बः आदि नकादिसँ । निमोनिया लनकि स्वं नं बांलाक ज्या यायेगु यानाहइ ।

**गुकथंया शारीरिक कमजोरीइ निमोनिया ब्वलनी ?**

- थ्व कमजोरी यक्व हे कथंयागु जुइफु । डायबिटिज ल्वय् स्यनीगु, अय्लाः नियमित त्वनेगु बानी, किडनी स्यनीगु, छुं ल्वचं कयाः ताःई तक म्हं मफया च्वंगु, हालसालय् जूगु अपरेसन, क्यान्सरया निंतिं बियातःगु वासः, एचआइभी संक्रमण आदि यक्व कथंया स्थिति दु, गुकिं म्हय् ल्वय्पाखें थःत छुं मजुइकातयेगु तागत म्हो जुयावनी, अले निमोनिया ज्वरया ब्याक्टेरियायात म्हय् दुहां वयेगु ह्वःताः चूलाइ ।

- क्रोनिक ब्रोंकाइटिस जुलकि वा चुरोस त्वनेगु बानि जुलकि नं सासः नलिया ल्वय् नाप ल्वायेगु शक्ति कमजोर जुयावनी । अथे जुयाः क्रोनिक ब्रोंकाइटिसया ल्वगितय्त व चुरोस त्वनीपिंत निमोनिया जुइगु सम्भावना अप्वः दइ ।

**डाक्टरं ल्वय् गथे यानाः म्हसीकी ?**

- ल्वगिया लक्षण व शारीरिक जाँचया लिच्वः स्वयाः थुकिया अनुमान यायेफइ । उलि प्रस्ट मजूसां छातिया एक्सरे कयाः सीका काइ । थुकिं निमोनिया गुगु किसिमयागु खः धयागु खँ नं सीके फइ । थुलि यानाः नं धायेमफुत धाःसा खै व हि जाँच यानास्वइ, अले थ्याक्क हे धायेफइ ।

**निमोनिया ज्वरया उपचार :**

- खला निमोनिया ल्वगियात छेँ हे तयाः नं उपचार याये फइ । तर यदि उपचारं फाइदा मजुल धाःसा निमोनियाया लिसें टिबीया जाँच नं याकेमाली । सिरियस जुल धाःसा निमोनिया ज्वर वःम्ह ल्वगियात अस्पतालय् हे भर्ना यायेमाली । न्यादँ स्वयां क्वकालिपिं मस्त व ६० दँ पुले धुकूपिं बुराबुरितय्त थ्व ल्वगय् पाखें अप्वः खतरा दु, अथे जुयाः उमित गुलिफु उलि याकनं अस्पतालय् भर्ना यायेमाः ।

निमोनिया ज्वरया मुख्य उपचार एन्टिबायोटिक वासः खः । थ्व ल्ययेगु ज्या संक्रमण गज्याःगु खः व स्वयाः जुइ । संक्रमण याकनं पनेत अप्वः थें थ्व वासः इन्जेक्सनया रूपय् बीगु याइ । ज्वर क्वकायेत निमोनिया ज्वरया वासः बी ।

गथेकिः पारासिटामोल, निम्सुलिड, टेमिफ्लु आदि । सासः नलि कय्कुन धाःसा ब्रोंकाडाइलेटर वासः बी । अक्सिजन नं बी । ल्वगिया अवस्थाय् सुधार मवःतले ग्लुकोज सलाइन नं बियातइ । साधारणतयाः एन्टिबोयोटिकया लिच्वः २४ निसें ७२ घन्टाया दुने खनेदइ । निमोनिया ज्वर क्वलातकि स्थितिइ सुधार जुयावइ । तर एन्टिबोयोटिक वासःया मात्राय् भ्याःभचा नं बेवास्ता यायेमजिउ । थ्व वासः भिन्हु निसें भिंप्यन्हु तक नयेमाः ।

*सभार- नेपालभाषा टाइम्स, २०८२ माघ १० गते शनिवार ।*

# शाक्यधिता बौद्ध परियत्ति कक्षा कार्यक्रमको शुरुवात

*प्रस्तुती- नानीकेशरी बज्राचार्य*

बुद्ध जन्मेको देश नेपालमा बुद्धको शिक्षा विद्यार्थी भाइबहिनीहरूले अध्ययन गर्नु अति आवश्यक देखिन्छ। मानव जगतका लागि सुख, शान्ति, विकासका लागि परियत्ति र (नैतिक) शिक्षामा थुप्रै मार्ग निर्देशन बुद्धका उपदेशहरू प्रसस्त भएका छन्। आधुनिक शिक्षासंगै नैतिक शिक्षा हुन सकेमा विद्यार्थी लगाएत सम्पूर्ण भाइ-बहिनीहरूको जीवन सुख, शान्ति र असल चरित्रको निर्माण भई समाजमा जिम्मेवार र सामर्थ्यवान बन्न सक्ने हुन्छ। यो शिक्षाले शील, आचरण, सहनशिलता, लगनशिल, करुणावान् र मेहनती हुने गर्दछ।

अन्तर्राष्ट्रिय शाक्यधिता सम्मेलन बि.सं. २०२१ बैंककस्थित धम्मसद्वानमा मैले सहभागी हुने मौका पाएको थिएँ, त्यस गोष्ठिमा आफ्नो भावी योजनाको चित्र कोराउन लगाएको क्रममा मैले बालबालिकाहरूलाई नैतिक शिक्षा पढाइरहेको चित्र कोरेका थियौं। सोही सपना अनुरूप सानो ग्रुप मित्र साथीका साथ बि.सं. २०७२ साल देखि घरमा परियत्ति शिक्षा शनिवार कक्षा-१ सुरु गर्ने निधो गरी सुरु गरेका थियौं। यसको सञ्चालन गर्नको लागि बुद्ध शिक्षामा उच्चस्तर पढ्ने गरेकाहरू उर्मिला ताम्राकार, अम्बिका श्रेष्ठ, सविता तुलाधर, शान्ति शाक्य, समुद्र देवी ताम्राकार, तारा स्थापितहरूले सहयोग गरेका थिए।

यसको आफ्नै कुनै परियत्ति केन्द्र नभएको हुनाले विद्यार्थीहरूको जाँच दिलाउनको लागि धर्मकीर्ति विहारबाट जाँच दिलाएको थियो। यसको स्वरुप २०७३ सालमा ७ जना विद्यार्थीहरू उतिर्ण हुन सफल भए।

बि.सं. २०७४ सालमा कक्षा १ र २ गरी १४ जना विद्यार्थीहरू उतिर्ण गर्न सफल भयौं।

बि.सं. २०७५ सालमा १, २, ३ गरी १९ जना उतिर्ण गर्न सफल भयौं भने २०७६ सालमा जम्मा २१ जना विद्यार्थीहरूले राम्रो अङ्क ल्याएर उतिर्ण हुन सफल भए।

बि.सं. २०७७ साल देखि कोरोनाको कारणले हामीले परियत्ति कक्षा सञ्चालन गर्न सकेका थिएनौं।

अन्तर्राष्ट्रिय शाक्यधिता सम्मेलन २०१९ अष्ट्रेलियामा शाक्यधिता नेपालले वार्षिक कार्यविधि प्रस्तुत गरेकोमा विद्यार्थी बाल-बालिकाहरूलाई बौद्ध परियत्ति शिक्षा दिने कार्यक्रमलाई सबैले अति नै मन पराईदिनु भएको थियो। सो कार्यक्रमलाई निरन्तरता दिनको लागि शाक्यधिता बोर्डमा परियत्ति केन्द्र खोल्ने विचार र सहमती भए अनुसार शाक्यधिता नेपालले परियत्ति शिक्षा केन्द्र २०८० मा खोलेका थियौ। शाक्यधिता नेपालको लक्ष र योजना, उद्देश्य पनि बाल-बालिका, दिदी-बहिनीहरूलाई शिक्षा दिई नैतिकवान, आदर्शवान समाजमा जिम्मेवार व्यक्ति बनाउने उद्देश्य रहेको छ।

गतिविधि :

शाक्यधिता नेपाल, परियत्ति शिक्षा केन्द्र स्थापना बि.सं. २०८० भए पश्चात् महेन्द्र सरस्वती स्कूल कक्षा-१ मा १२ जना उतिर्ण भएको छ भने लगनका दिदी-बहिनीहरू २१ जना उतिर्ण भएका छन्।

- महेन्द्र सरस्वती स्कूलबाट कक्षा १ - १३ जना
- लगं खल: दिदी-बहिनीहरू कक्षा १ - २० जना

जम्मा ३३ जना

बि.सं. २०८१ सालमा

- महेन्द्र सरस्वती स्कूलबाट कक्षा १ - ९ जना
- महेन्द्र सरस्वती स्कूलबाट कक्षा २ - १० जना
- लगनका दिदी-बहिनीहरू कक्षा १ - २० जना
- लगनका दिदी-बहिनीहरू कक्षा २ - १९ जना

जम्मा ३९ जना

बि.सं. २०८२ साल यसवर्ष महेन्द्र सरस्वती र लगनका दिदी-बहिनीहरू कक्षा १, २, ३ को लागि जाँच दिन लगभग ८० जनाले फाराम भरी सकेका छन्।

हाल यस परियत्ति शिक्षा कक्षा सञ्चालन गर्नको लागि शिक्षिकाहरू –

महेन्द्र सरस्वती स्कूल, टेकू

कक्षा १ - निलन्ता शाक्य, शिलम रञ्जित

कक्षा २ - सविता तुलाधर, नानी केशरी बज्राचार्य

कक्षा ३ - शान्ति शाक्य

लगं खलः दिदी-बहिनीहरू, लगन
कक्षा १ - तारा श्रेष्ठ
कक्षा २ - अमृत शोभा शाक्य
कक्षा ३ - समुद्र देवी ताम्राकार

परियत्ति कक्षा हप्ताको एकपटक शुक्रबार व्यवस्थित ढंगले सञ्चालन गर्न सहयोग, सहजकर्ता गर्नुहुने लगनमा गुजेश्वरी श्रेष्ठज्यू हुनुहुन्छ भने महेन्द्र सरस्वती स्कूलमा नानी सोभा मानन्धर हुनुहुन्छ ।

कोष व्यवस्थापन :

कार्यक्रम सञ्चालन गर्नको लागि नेपाल बौद्ध परियत्ति केन्द्र विश्व शान्ति विहारबाट प्राप्त रकम तथा चन्दा सहयोगमा व्यवस्थापन गरिने छ । हिसाब पारदर्शी ढंगले राखिने छ । बि.सं. २०८० र २०८१ को दान आम्दानी र खर्चको विवरण शाक्यधिता साधारण सभामा प्रस्तुत गरिसकेका छौं ।

संरचना :

कार्यक्रम सञ्चालन गर्नको लागि कार्यदल समिति रही सञ्चालन हुने छ । हालको लागि
केन्द्राध्यक्ष - अम्बिका श्रेष्ठ
कोषाध्यक्ष - शान्ति शाक्य
संयोजक - नानीकेशरी बज्राचार्य
सदस्यहरू - उर्मिला ताम्राकार, मिना तुलाधर
अनिता मानन्धर, मेत्तावती गुरुमां, त्यागवती गुरुमां

विविध :

शिक्षिकाहरू बुद्धीजममा एम.ए. तथा कोविद गरी सकेकाहरू रहने छन् ।

## जलन सम्वन्धी सचेतना कार्यक्रम

*बि.सं. २०८२ पौष २८ गते, सोमबार*
*स्थान- धम्महल, धर्मकीर्ति विहार*

यसदिन शाक्यधिता नेपाल र तवः (ताम्राकार) मिसा पुचः को संयुक्त आयोजना र फेक्ट नेपाल कीर्तिपुर अस्पतालको सहयोगमा जलन सम्वन्धी सचेतना कार्यक्रम सम्पन्न गरियो । सचेतना कार्यक्रमले मानव समुदायमा सकारात्मक जनचेतना प्रदान गरिएको महशूस गरिएको छ ।

## मणिचुड दह शैक्षिक भ्रमण

*बि.सं. २०८२ पौष २६ गते*

धर्मकीर्ति विहार बौद्ध परियत्ति केन्द्रबाट यसदिन मणिचुड दहमा शैक्षिक भ्रमणको आयोजना गरी विद्यार्थीहरूलाई शैक्षिक भ्रमण लगियो । केन्द्राध्यक्ष श्रद्धेय धम्मवती गुरुमांको अनुमती अनुसार श्रद्धेय केशावती गुरुमांको संयोजकत्वमा र नेतृत्वमा सञ्चालित यस कार्यक्रममा शिक्षिकाहरू र विद्यार्थीहरू समेत गरी जम्मा ६९ जना महानुभावहरूले भाग लिनुभएका थिए ।

मणिचुड दहमा श्रद्धेय खेमावती गुरुमांले बुद्धपूजा कार्यक्रम सञ्चालन गर्नुभएको थियो भने श्रद्धेय जवनवती गुरुमांले धर्मदेशना गर्नुभएको थियो । भ्रमणको सिलसिलामा विद्यार्थीहरूलाई बोधिसत्वले मणि सफा गरेको पोखरी लगायत साँखुको बज्रयोगिनी मन्दिर यात्रागरी मन्दिर भित्र रहेको स्वयम्भू चैत्य पनि दर्शन गराइयो । काठमाडौं महानगरपालिकाबाट धर्मकीर्ति बौद्ध परियत्ति शिक्षा केन्द्रको लागि शैक्षिक सहयोग प्राप्त भएअनुसार शैक्षिक भ्रमणमा पनि टेवा पुगेको कारण यसरी शैक्षिक भ्रमण गराउन पाएकोमा यस केन्द्र लगायत विद्यार्थी सबैबाट महानगरपालिकालाई साधुवाद व्यक्त गरिएको बुझिएको छ । भ्रमणमा सहभागी सबैलाई जलपान र भोजनको व्यवस्था पनि धर्मकीर्ति बौद्ध परियत्ति शिक्षा केन्द्रले नै प्रायोजन गरिएको थियो ।

- **आकाश, समुद्र र पर्वतका प्वाल आदि जुनसुकै ठाउँमा लुक्न गएपनि मरणबाट बच्न सकिने प्रदेश यस लोकमा कहीं पनि छैन ।**
- **कुश समात्दा राम्ररी न समात्नेलाई हातमा घाउ हुनेछ । श्रमण धर्म (सन्यास) राम्ररी पालन गरेन भने नरक जानुपर्छ ।**

# संघ नायक अभिनन्दन समारोह

*बि.सं. २०८२ पौष २९ गते, मंगलबार*
*स्थान- राष्ट्रिय सभा गृह, काठमाडौं*

संघनायक पतिट्ठापन विधि सहित संघसम्मति विधिपूर्वक संघनायक पदले विभूषित नेपालको आठौं संघनायक महासद्धम्म जोतिक धज, पूजनिय भिक्षु बोधिसेन महास्थविर एवं पूजनिय संघ उपनायक भिक्षु गुणघोष महास्थविर द्वयको बुद्ध शासनिक योगदान स्मरण गरी अखिल नेपाल भिक्षु महासंघको अगुवाईमा १४० वटा विभिन्न बौद्ध विहार तथा संघसंस्थाहरूको सहभागितामा यसदिन अभिनन्दन समारोह सम्पन्न गरियो ।

श्रद्धेय भिक्षुहरू निग्रोध एवं पञ्ञारत्नबाट सञ्चालित उक्त कार्यक्रम श्रद्धेय भिक्षु धम्मशोभन महास्थविरको सभापतित्वमा शिक्षा एवं विज्ञान तथा प्रविधि मन्त्री माननिय महाविर पुनको प्रमुख अतिथित्वमा सम्पन्न भएको थियो ।

संघनायक श्रद्धेय बोधिसेन महास्थविरबाट शील प्रार्थना गराई शुरु गरिएको उक्त कार्यक्रममा अखिल नेपाल भिक्षु महासंघका महासचिव श्रद्धेय धर्मगुप्त महास्थविरले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा श्रद्धेय पञ्ञामूर्ति महास्थविरले संघनायक श्रद्धेय बोधिसेन महास्थविरको संक्षिप्त जीवनी प्रस्तुत गर्नुभएको थियो भने श्रद्धेय विमलो महास्थविरले संघउपनायक श्रद्धेय गुणघोष महास्थविरको संक्षिप्त जीवनी प्रस्तुत गर्नुभएको थियो ।

अभिनन्दित संघनायक एवं संघउपनायकद्वय प्रति शुभकामना मन्तव्य व्यक्त गर्नुहुने महानुभावहरू यसरी हुनुहुन्थ्यो –

१) धर्मोदय सभाको तर्फबाट उद्योगपती श्री पद्मज्योति कंसाकार ।
२) म्यानमार राजदूत ।
३) श्रीलंका राजदूत ।
४) बनेपा नगरपालिकाका मेयर श्री शान्तरत्न शाक्य ।
५) श्रीलंकाका श्रद्धेय भिक्षु Sorata Mahathera
६) थाईलैण्डका श्रद्धेय भिक्षु Subot Mahathera
७) Royal Thai Ambassy First Secretary
८) लुम्बिनी विकास कोषका उपाध्यक्ष श्री ल्हार्क्याल लामा
९) निवर्तमान उर्जा मन्त्री श्री कुलमान घिसिङ्ग
१०) प्रमुख अतिथि माननिय महाविर पुन (शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री) आदि

कार्यक्रमका अखिल नेपाल भिक्षु महासंघका उपाध्यक्ष श्रद्धेय भिक्षु शिलभद्र महास्थविरले अभिनन्दन-पत्र वाचन गर्नुभएको थियो भने प्रमुख अतिथिज्यू माननिय शिक्षा विज्ञान तथा प्रविधि मन्त्री महाविर पुनबाट अभिनन्दित द्वय संघनायक एवं संघउपनायकलाई अभिनन्दन-पत्र प्रदान गरियो ।

कार्यक्रममा उपस्थित हुनुभएका अतिथिवर्गलाई आयोजक परिवारबाट सम्झनाको चिनो पनि प्रदान गरियो । संघनायक श्रद्धेय बोधिसेन महास्थविरबाट ओवाद उपदेश दिनुभएपछि श्रद्धेय भिक्षु बोधिज्ञान महास्थविर (अखिल नेपाल भिक्षु महासंघका कोषाध्यक्ष) बाट धन्यवाद ज्ञापन पश्चात् श्रद्धेय भिक्षु धम्मशोभन महास्थविरबाट सभापतिको आसनबाट आफ्नो मन्तव्य व्यक्त गर्नुहुँदै कार्यक्रम विसर्जन गर्नुभयो । ■

## जिउँदो देवता हुन् आमा बुबा



✍ **विद्याकुमारी बज्राचार्य**

आफ्नो नजिकैको देवता हुँदाहुँदै
बनावटी देवताको पूजा किन ?
आफूलाई जन्माई पाँच प्रकारका ऋण दिने
मैत्री, करुणा, मुदिता र उपेक्षा
चतुर्ब्रह्म विहार गुणले सम्पन्न
ब्रह्मा सरहका मातापिताको गुण
चिन्न सकेको भए टाढाको देवताको पजा किन ?
छोरा-छोरीको पहिलो पाठशाला आमा-बुबा
बिरामी पर्दा आवश्यक हेरविचार गर्ने आमा-बुबा
मैत्रीयुक्त व्यवहार प्राप्त गर्ने श्रोत हुन् आमा-बुबा
करुणायुक्त व्यवहार प्राप्त हुने श्रोत हुन् आमा-बुबा
मुदितायुक्त व्यवहार प्राप्त हुने श्रोत हुन् आमा-बुबा
उपेक्षायुक्त व्यवहार गर्नसक्ने व्यक्ति हुन् आमा-बुबा
त्यसैले यी चार अमूल्य गुणलेयुक्त ब्रह्मा हुन् आमा-बुबा

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो



जन्म :
बि.सं. २००७ जेठ ११ गते

दिवंगत :
बि.सं. २०८२ पौष २१ गते

# दिवंगत उपासिका तारा नकर्मी

रबिभवन, काठमाडौं

धर्मकीर्ति कर्णदेवी भोजन पुचःया दुजः उपासिका **तारा नकर्मी** ७५ दँया बैशय् दिवंगत जुयादिल। दिवंगत उपासिकां थःगु जीवनय् सञ्चय यानादीगु पुण्य शक्तिं वयकःया परलोक जीवन सुगतिमय जुयाः निर्वाण हेतु नं चूलाय्मा धकाः पुण्यानुमोदन यानागु जुल। थुगु दुखं कःगु इलय् वयकःया परिवार दुजःपिसं संसारया त्रिलक्षण स्वभावयात थ्वीकाः धैर्य धारण याय् फय्मा धकाः नं कामना यानागु जुल। भवतु सब्ब मंगलम्।

## धर्मकीर्ति विहार, कर्णदेवी भोजन पुचः

श्रीघः, नघः, यें

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो



जन्म :
बि.सं. २०१५ असार २६ गते

दिवंगत :
बि.सं. २०८२ पौष १३ गते

# दिवंगत उपासिका सुश्री शान्ति मानन्धर

गणबहाल, काठमाडौं-२२

धर्मकीर्ति विहार द्वितीया भोजन पुचःका सदस्य उपासिका सुश्री **शान्ति मानन्धर** ६७ वर्षको उमेरमा दिवंगत हुनुभएको जानकारी प्राप्त भएको छ। उपासिका शान्ति मानन्धरले आफ्नो जीवनमा सञ्चय गर्नुभएका पुण्य शक्तिबाट परलोक जीवन सुगतिमय बनी निर्वाण हेतु प्राप्त होस् भन्ने कामनाका साथ पुण्यानुमोदन गरेका छौं। उहाँका परिवारजनले पनि यस संसारको अनित्य, दुःख र अनात्म स्वभावलाई बुझि धैर्यधारण गर्न सकुन् भनी कामना गर्दछौं। भवतु सब्ब मंगलम्।

## धर्मकीर्ति विहार, द्वितीया पुचः

श्रीघः, नघः, काठमाडौं



जलन सम्वन्धी सचेतना कार्यक्रमका आयोजक एवं सहयोगीहरू



शाक्यधिता नेपाल र तवः मिसापुचःको संयुक्त आयोजना र फेक्ट नेपाल कीर्तिपुरको सहयोगमा सञ्चालित जलन सम्वन्धी सचेतना कार्यक्रममा सहभागी महानुभावहरू






संघ नायक भिक्षु बोधिसेन महास्थविरलाई अभिनन्दन-पत्र चढाईंदै



अभिनन्दित द्वय संघनायक र संघउपनायक
(दाँयाबाट तेस्रो र चौथो)



संघ उपनायक श्रद्धेय भिक्षु गुणघोष
महास्थविरलाई अभिनन्दन-पत्र चढाईदै

मुद्रक: न्यू नेपाल प्रेस १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं • फोन: ४५३३९२९, ४५३४८५० • e-mail: newnepalpress011@gmail.com